राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– २७, माघ १६ गते शुक्रबार, २०८२ (30 January, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# 'उपलब्धिको रक्षार्थ एकजुट होऔं'

## विप्लवका ढकाल र क्रान्तिकारीका चापागाईं नेकपामा ध्रुवीकृत

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** छरिएर रहेका सम्पूर्ण पूर्वमाओवादी धारलाई एकता प्रक्रियामा सहमत हुन नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले आह्वान गरेका छन् । केन्द्रीय मुख्यालय पेरिसडाँडामा आयोजित नेकपा र नेकपा माओवादी (एकता पक्षधर समूह) बीचको एकता घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै संयोजक प्रचण्डले आत्मसमीक्षा गरेर राष्ट्रिय स्वाधिनताको पक्षमा एकताबद्ध हुन सरोकारवाला सबैमा आग्रह गरेका हुन् ।



'मुलुकलाई समृद्ध बनाउन र कम्युनिस्ट आन्दोलनको रक्षाका लागि पनि एक पटक फेरि एकताद्वारा सामर्थ्यवान बन्नुपर्ने आवश्यकता छ,' प्रचण्डले भने- 'विभाजित अवस्थामा रहेका पूर्व-माओवादीको 'घर' र आउनुपर्ने ठाउँ 'यहीं' हो ।' मुलुक अप्ठ्यारो परिस्थितिबाट गुज्रिरहेको उल्लेख गर्दै निर्वाचनबाट परिवर्तनकारी शक्तिलाई विजयी बनाउनुपर्ने उनले जोड दिए ।

एकता पक्षधर समूहका संयोजक चिरञ्जीवी ढकालको नेतृत्वमा सो पार्टीका केही केन्द्रीय सदस्यसहितका नेता-कार्यकर्ता नेकपामा समाहित भएका हुन् । अरु विभिन्न समूहहरूसँगको एकताका लागि आयोजित अर्को कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले राष्ट्रवादी र कम्युनिस्ट आन्दोलनलाई बलियो बनाउन चाहने शक्ति एकताबद्ध हुनुपर्नेमा जोड दिए । 'एक्लाएक्लै हिँडेर कम्युनिस्ट आन्दोलनलाई अघि बढाउन सकिँदैन,' पूर्वसहकर्मीहरूलाई एकतामा आउन अपिल गर्दै प्रचण्डले भने- 'समृद्धिको जनचाहना पूरा गर्न पनि परिवर्तनकारी शक्ति एकताबद्ध हुनुको विकल्प छैन ।'

सो कार्यक्रममा मोहन वैद्य 'किरण' नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी (एकता पक्षधर समूह) र चुरेभावर पार्टी नेकपामा समाहित भए । त्यस क्रममा नेपाल कम्युनिस्ट पार्टी (एमाले) को गण्डकी प्रदेश

क्रमशः अन्तिम पृष्ठमा

# सहिद सप्ताह : सिफलमा माथेमाको स्मृतिसभा

**काठमाडौं ।** सहिद धर्मभक्त माथेमाले सहादत प्राप्त गरेको स्थान काठमाडौंको सिफल उकालोमा स्मृतिसभा सम्पन्न भएको छ । प्रजातन्त्र प्राप्तिका लागि धर्मभक्त माथेमाले अमरत्व प्राप्त गरेको दिन र स्थानमा मंगलबार सहिद सप्ताह आयोजक समितिले स्मृतिसभा आयोजना गरेको हो । सहिदको सालिकमा पुष्पगुच्छा अर्पण गर्दै सहिद सप्ताह मूल समारोह समितिका संयोजक एवं काठमाडौं महानगरपालिकी कार्यवाहक प्रमुख सुनिता डंगोलले विगतको शासनमा नागरिकले भोग्नु परेका क्रूरता, असमानता तथा कुण्ठित अवस्था नवपुस्ताले अनुभूति गर्नु नपरोस् भन्नका लागि सहिदको संघर्ष र बलिदानी स्मरण गर्न कार्यक्रम आयोजना गरिएको जानकारी दिए ।

माथेमाले प्रजातन्त्र प्राप्तिका लागि खेलेको भूमिका र सामाजिक रूपान्तरणमा पुऱ्याएको योगदानको चर्चा गर्दै डंगोलले सहिदहरूकै कारण आज हामीले उभिएर बोल्न पाएको बताए । 'माथेमामा राजनीतिक चेतना थियो' उनले माथेमा शारीरिक सुगठन (व्यायाम)का प्रवर्द्धक भएको स्मरण गर्दै राजालाई व्यायाम सिकाउने शिक्षक भएर पनि निरंकुश शासनविरुद्ध संघर्ष गर्ने आँट गर्ने उनीबाट युवाहरूले पाठ सिक्नुपर्ने बताइन् । शासकसँगको सम्बन्धका कारण व्यक्तिगत रूपमा आफूलाई सुख-सुविधा सबै प्राप्त हुने भए पनि माथेमाले त्यो सुख सयल त्यागेर नागरिक स्वतन्त्रताका लागि ज्यान दिन तयार भएको सम्झना गर्दै डंगोलले माथेमाको बलिदानीका कारण आज हामी मनमा लागेका बोल्ने मौका पाइरहेको बताइन् ।

सभामा काठमाडौं महानगर-७ का अध्यक्ष बिमल होडाले असलशासन र विधिको शासनको संस्थागत विकासले मात्र सहिदको सपना पूरा हुने बताए । अधिकार प्राप्तिको इतिहास जोगाइराख्न माथेमाले सहादत प्राप्त गरेको स्थानको संरक्षणका लागि गुरुयोजना बनाएर काम थालिएको जानकारी दिए । नवपुस्तालाई सहिदहरूको आदर्श बुझाउन पाठ्यपुस्तकमा विषय राखेर अध्ययन गराउनु पर्नेमा जोड दिँदै सभामा त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति प्रा डा केदारभक्त माथेमाले भने 'आदर्श बुझाउन सकिएन भने मानव अधिकार र नागरिक स्वतन्त्रता पटक पटक सङ्कटमा पर्छ ।'

१९६६ असोज ९ गते काठमाडौंको ओमबहाल, नवहिलमा जन्मिएका माथेमालाई तत्कालीन निरंकुश राणा शासकहरूको विरुद्धमा गतिविधि सञ्चालन गरेको आरोपमा १९९७ साल कात्तिक २ गते पक्राउ गरी विसं १९९७ माघ १३ गते धर्मभक्त माथेमालाई सिफल उकालोमा झुन्ड्याएर मृत्युदण्ड दिइएको थियो । तत्कालीन राणा प्रधानमन्त्री जुद्ध समशेरले विसं १९९७ साल माघ ६ गते शुक्रराज शास्त्री, धर्मभक्त माथेमा,

क्रमशः अन्तिम पृष्ठमा

# 'यसकारण फिर्ता लिएँ मैले मेरो उम्मेदवारी'

### समय- सन्देश

डा. बाबुराम भट्ट

*देशविदेशमा रहनुभएका*
*सम्पूर्ण आदरणीय दिदीबहिनी,*
*दाजुभाइ र साथीहरू,*
*हार्दिक नमस्कार !*

मैले मेरो सारा जीवन नेपाल किन अल्प विकासको दुष्चक्रमा फस्यो ? हामी किन संसारकै सबैभन्दा गरिब देश बन्यौं ? किन हाम्रा लाखौं छोराछोरी, नातिनातिनाहरू विदेशमा जान बाध्य भए ? त्यसको निम्ति कसरी नेपाललाई छोटो अवधिमा विकास र समृद्धिको चुचुरोमा पुऱ्याउन सकिन्छ ? भनेर सारा जीवन चिन्तन मनन गरें । र मेरो विद्यावारिधिको विषय पनि त्यही थियो । त्यो सकेपछि दुनियाँ बुझ्ने मात्र होइन, बदल्नु पनि पर्छ भन्ने दार्शनिक मान्यताबाट प्रभावित भएर म दुनियाँ बदल्ने अभियानमा लागें ।

र, त्यस क्रममा सबैभन्दा पहिले के बदल्ने त भन्दा, देशको जुन राजनीतिक प्रणाली हुन्छ, त्यसलाई पहिले बदल्नुपर्छ भन्ने कुरा मैले बुझें । युरोप, अमेरिका, रुस, चीन लगायतका देशहरूको इतिहास पढ्दा, पहिले देशको राजनीति बदलिएर, लोकतन्त्र ल्याएर, लोकतन्त्रलाई पनि समय अनुकूल उन्नत बनाउँदै लगेर मात्रै देश विकसित हुँदो रहेछ भन्ने बुझें । र देशमा त्यतिबेला म जन्मिएको र हुर्किएको बेला, आजभन्दा ५०-६० वर्ष पहिलेको बेला, देशमा जुन निरङ्कुश तन्त्र थियो, सामन्तवाद थियो, विभिन्न प्रकारका विभेद थिए, त्यसको अन्त्य गर्न राजनीतिक प्रणाली फेर्नुपर्छ भनेर म लागें । त्यस क्रममा कहिले शान्तिपूर्ण संघर्ष, कहिले सशस्त्र संघर्षमा पनि सहभागी हुन हामी बाध्य भयौं । त्यसैको योगफल स्वरूप हामीले २०७२ सालमा संविधान सभाबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी गऱ्यौं र त्यसले नेपाललाई एउटा लोकतान्त्रिकरणको चरण पूरा गर्न मद्दत गऱ्यो ।

र, लोकतान्त्रिकरणको चरण मूलतः पूरा भएपछि, अब मुख्यतः सुशासन र समृद्धि केन्द्रित नयाँ राजनीति गर्नुपर्छ भनेर मैले नयाँ शक्ति अभियान सुरुवात गरें । थुप्रै साथीहरूले साथ

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- २७, माघ १६ गते शुक्रबार, २०८२

## सम्पादकीय

# एकता भौतिक मात्रै कि राजनीतिक पनि ?

पुष्पकमल दाहाल नेतृत्वको नेकपा (माओवादी केन्द्र) र माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) बीच पार्टी एकता भएर नेपाली कम्युनिस्ट पार्टी गठन भएयता पटक-पटक गरी उक्त पार्टीमा दुई दर्जन आसपासका स-साना घटक तथा अन्य पार्टीबाट टुक्रिएका समूह र कतिपय व्यक्ति-व्यक्तित्वहरू समाहित भएका छन्। राष्ट्रिय राजनीतिक सन्दर्भका हिसाबले यसप्रकारको एकता र ध्रुवीकरण स्वागतयोग्य भए तापनि यी 'एकता' हरू राजनीतिक सिद्धान्त र कार्यदिशासहितका वास्तविक एकता हुन् कि स्वार्थसिद्धिका गठजोड मात्रै हुन् भन्ने प्रश्नचाहिँ जब्बर रूपले खडा हुनु स्वाभाविकै हो।

मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्त मान्दै आएको बताउने माओवादी केन्द्रले माओवाद छाडेर मार्क्सवाद-लेनिनवाद मात्रै मानेका छौं/मान्छौं भन्ने एकीकृत समाजवादीका बीचको एकता नै असैद्धान्तिक देखिन्छ। त्यसयता कतिपय सामन्ती राजतन्त्रको विस्थापित अवशेषलाई समेत 'राष्ट्रवादी' देख्ने/ठान्ने समूह, रञ्जिता श्रेष्ठको नितान्त अराजनीतिक-असैद्धान्तिक क्षेत्रीयतावादी समूह र विभिन्न पार्टीबाट कारबाहीमा परेका वा विभिन्न किसिमले नाजायज लाभ उठाएर भागेका व्यक्ति-व्यक्तित्वहरू एवम् खुलै देखिने गरी अराजनीतिक स्वार्थका लागि चलखेल गरिरहेकाहरू उक्त पार्टीमा समाहित भएका देखिन्छन्।

अतः एकता त गर तर अराजनीतिक गठजोड नगर। एकताबद्ध होऊ तर राष्ट्र र जनताको हितलाई केन्द्रमा राख। फेरि तमासा नदेखाऊ।

## यसकारण फिर्ता...

दिनुभयो र त्यो विभिन्न बाङ्गोटिङ्गो बाटो हुँदै अगाडि बढ्यो। र अहिलेसम्म आइपुग्दा देशमा पहिले नयाँ शक्ति, पछि रास्वपा र अहिले अन्य विभिन्न दल र प्रगतिशील लोकतान्त्रिक पार्टी लगायतका विभिन्न दलहरू अगाडि आइराखेका छन्। र पुराना दलहरूको पनि रूपान्तरणको प्रक्रिया विभिन्न ढंगले अगाडि बढिरहेको छ।

यसै क्रममा गत भदौ २३, २४ गते, सेप्टेम्बर ८, ९ मा नेपालमा जुन ढंगको जेन्जी विद्रोह भयो, त्यसले मैले १० वर्षदेखि भन्दै आएको कुरालाई नै पुष्टि गऱ्यो भन्ने मेरो मान्यता रह्यो। किनकि जबसम्म राजनीतिक परिवर्तनलाई लागू गर्नको निम्ति आर्थिक, सामाजिक परिवर्तन तीव्र गतिले हुँदैन, खासगरी हाम्रा युवाहरूलाई देश भित्रै सम्मानजनक, उत्पादनमूलक रोजगारी सिर्जना गर्न सकिन्न, तबसम्म देशमा लोकतन्त्रको पूर्णता सार्थक हुँदैन भन्ने कुरालाई पुनर्पुष्टि गऱ्यो।

र, त्यसपछि नै मैले अब एउटा कुनै राजनीतिक दल विशेषमा मात्र टाँसिएर बस्नुभन्दा पनि, म ७० वर्ष लागिसकें, अब नयाँ पुस्ताहरूलाई अगाडि ल्याउनुपर्छ भन्ने सोचका साथ, त्यो मैले पहिलेदेखि नै विकसित गर्दै ल्याएको, हुर्काउँदै ल्याएको पार्टीलाई को नेतृत्व पनि मैले नयाँ साथीहरूलाई सुम्पेर मैले अब एउटा अभिभावकीय ढंगले भूमिका निर्वाह गर्नुपर्छ भनेर म लागें। अब यसै क्रममा अहिले फागुन २१ गते जुन निर्वाचनको घोषणा भएको छ, त्यसको क्रममा मैले सुरुमा सोचें, सायद मैले बाहिर रहेर नै, संसद् बाहिरबाट नै, विभिन्न अग्रगामी सोच राख्ने पार्टी, दल, समूहहरूलाई सल्लाह सुझाव दिने, मार्गनिर्देशन गर्ने ढंगले भूमिका निर्वाह गर्नु र आवश्यक परेको बेलामा उहाँहरूलाई सघाउनु नै उपयुक्त हुन्छ भनेर मैले कुनै कार्यकारी भूमिकामा नरहने र निर्वाचन पनि नलड्ने मैले उद्घोष गरें। तर जब निर्वाचनको गतिविधि अगाडि बढ्दै गए र देशमा झन् अन्योलको बादल त्यति फाट्न सकेको जस्तो देखिएन।

पुराना दलहरू भित्र पनि विभिन्न प्रकृतिका अप्ठ्याराहरू सिर्जना भएको, नयाँ दलहरूले पनि खासै बाटो पहिल्याउन नसकेको, नयाँ नयाँ दलहरू अगाडि आएको, तर देशका जुन आधारभूत समस्या हुन्, तिनलाई समाधान गर्नेतिर सायद हामी अझै ध्यान दिन सकेनौं,सँ कि भन्ने बोध भएर र केही प्रश्नहरू, खासगरी नेपालको राष्ट्रिय स्वाधीनताको प्रश्न, यो भूभागमा जसरी अब संसारको पहिलो अर्थतन्त्र बन्दै गएको चीन, तेस्रो अर्थतन्त्र बन्ने दिशामा अगाडि बढेको भारत र पहिलो अर्थतन्त्र रहेको अमेरिका लगायतका देशहरूको जुन सामरिक चासो छ, त्यो सामरिक चासो यदि हामीले ठिक ढंगले व्यवस्थापन गर्न सकेनौं भने अर्को द्वन्द्व निम्तिने र त्यसले राष्ट्रिय स्वाधीनता माथि नै खतरा उत्पन्न गर्ने स्थिति पनि आउन सक्छ, त्यसले यस्तो विषयमा फेरि हामीले देशको निम्ति सही परराष्ट्र नीतिहरू निर्माण गर्न संसद्मा रहेर नै भूमिका निर्वाह गर्न उपयुक्त हुन्छ कि भन्ने मलाई एउटा लाग्यो। अर्को, देशको जुन संविधान हाम्रो बनेको छ, यसका केही त्रुटि छन् भन्ने कुरा मैले पहिले पनि भनेको थिएँ। यसमा सुधार गर्नुपर्छ भन्ने कुरा पनि थियो। त्यसैले संसद्मा रहेर नै म संविधान समितिको सभापति भएको नाताले, त्यसमा पनि केही भूमिका निर्वाह गर्न सक्छु भन्ने मलाई दोस्रो कुरा लाग्यो।

तेस्रो, यो जेन्जी विद्रोह पछि, जुन सम्झौता भएको छ र विगतमा माओवादी शान्ति प्रक्रिया पछि पनि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगका कामहरू बाँकी छन्, ती विषयलाई अगाडि बढाउन पनि संसदको भूमिका सायद महत्त्वपूर्ण हुन सक्छ। र देशको विकास र समृद्धिको जुन हाम्रो सबैको साझा चाहना छ, त्यसको कार्यान्वयन गर्नको निम्ति उपयुक्त नीति निर्माण गर्ने, आर्थिक नीति निर्माण गर्नको निम्ति म एउटा राजनीतिक अर्थशास्त्रको विद्यार्थी हुनुको नाताले पनि सायद संसदबाट भूमिका निर्वाह गर्न सक्छु।

र, सँगसँगै म गोरखाबाट लामो समयदेखि प्रतिनिधित्व गरेको र त्यहाँ विकास निर्माणका काममा पनि केही योगदान गर्दै आएको कारणले कतिपय योजनाहरू अधुरा थिए। र ती पूर्वाधारको जगमा एउटा तीव्र आर्थिक विकास गर्ने काम पनि आवश्यक थियो। त्यसलाई तीव्रता दिन पनि सायद मैले भूमिका निर्वाह गर्न सक्छु भनेर मैले संसद्, आगामी संसदको निर्वाचनमा सहभागी बन्ने मैले निर्णय गरें र मैले मनोनयन पनि दर्ता गरें।

र, त्यसै क्रममा मसँग विभिन्न पक्षका साथीहरू, विभिन्न दलका साथीहरू, नयाँ पुराना दलका व्यक्तित्वहरूले चाहिँ साथमा आएर सल्लाह सुझाव के दिनुभयो भने, तपाईंहरू जस्तो व्यक्तित्वले एउटा साझा व्यक्तिकै रूपमा रहनु उपयुक्त हुन्छ र एउटा सांसदको रूपमा एउटा दल विशेषको मात्रै रहँदाखेरि तपाईंको भूमिका संकुचित रहन सक्छ र फेरि देशको जुन अहिले तरल अवस्था छ, त्यसले अझै निश्चित आकार ग्रहण गरिसकेको पनि छैन।

त्यसैले तपाईंले चाहिँ चुनावी प्रतिस्पर्धामा लाग्नुभन्दा राजनीतिक दलहरूलाई, भोलि बन्ने सरकारलाई विभिन्न ढंगले सल्लाह सुझाव दिएर भूमिका निर्वाह गर्दा नै बढी उपयुक्त हुन्छ भन्ने साथीहरूको आग्रह पनि रह्यो, दलहरूको पनि रह्यो, व्यक्तिहरूको पनि रह्यो। र त्यहाँका जनताको पनि, सुरुमा त्यहींको प्रतिनिधित्व गरिदिए हुन्थ्यो भन्ने जुन सोच थियो, यो तर्क सुनिसकेपछि ठिकै छ भन्ने कुराहरू पनि आयो।

त्यसै भएको हुनाले मैले मेरो जीवनभरिको जुन एउटा अभीष्ट हो, जुन सङ्घीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था प्राप्त भएको छ, नेपाली राष्ट्रिय स्वाधीनता हजारौं वर्षदेखि कुण्ठित रहिरहेको अवस्थालाई हामीले बिस्तारै एउटा नयाँ ट्र्याकमा हामी ल्याउँदै छौं, चुनौती थपिएका छन्, तिनको व्यवस्थापन गर्नु छ। देशको जुन संवेदनशील हिमाल, पहाड, तराई, मधेसले बनेको जुन आन्तरिक अवस्था छ, त्यसको एकता कायम गर्नु पनि छ। हाम्रा राज्यका अङ्गहरू चाहिँ असाध्यै कमजोर प्रकृतिका छन् भन्ने त गत भदौ २४ को घटनाले पनि देखायो। त्यसले तिनको सुधार गर्ने कामहरू बाँकी छन्। र, मुख्य रूपमा देशमा चाहिँ तीव्र आर्थिक विकास र समृद्धिको दिशामा अगाडि बढ्नु पनि जरुरी छ। यस्तो अवस्थामा मैले एउटा संसदीय निर्वाचनमा सहभागी भएर सांसद मात्रै रहेर रहनुभन्दा सबै साथीहरूको आग्रह बमोजिम, चाहना बमोजिम, मैले बाहिर रहेर नै दलहरूलाई सघाउने र भोलि आवश्यक पर्दा एउटा देशकै विभिन्न रूपको अभिभावकीय भूमिका निर्वाह गर्नु उपयुक्त हुन्छ भन्ने ठानेर मैले आज मैले जुन मनोनयन पत्र दर्ता गरेको थिएँ, त्यसलाई फिर्ता लिने मैले निर्णय गरेको छु। र आगामी दिनमा म देशले चाहेको राजनीतिक दलहरू, अग्रगामी सोच राख्ने दल, समूह, व्यक्तिहरूले चाहेका अनुसार नै म उहाँहरूलाई सहयोग गर्न, यो देशको निम्ति, समाजको निम्ति निरन्तर लागिरहन म आफ्नो प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

यस क्रममा मलाई साथ र सहयोग दिनुहुने सम्पूर्ण साथीहरू, खासगरी मलाई प्रस्ताव गर्नुहुने र मलाई समर्थन गर्नुहुने प्रस्तावक, समर्थक साथीहरू र यो अभियानमा विभिन्न ढंगले सघाउने साथीहरूलाई म हार्दिक आभार व्यक्त गर्न चाहन्छु। र आगामी दिनमा म निरन्तर जनताको सेवामा लागिरहने प्रतिबद्धता व्यक्त गर्दछु। र जुन राजनीतिक दल, व्यक्ति, समूहहरूले मलाई भनेर अथवा सार्वजनिक रूपमा अपिल गरेर नयाँ ढंगले अगाडि बढ्न मलाई आग्रह गर्नुभएको छ, उहाँहरू सबै साथीहरूलाई, समूहलाई, दलहरूलाई पनि म धन्यवाद दिन चाहन्छु।

म निरन्तर देशको अग्रगमनको पक्षमा, समृद्धिको पक्षमा, राष्ट्रिय स्वाधीनताको रक्षाको पक्षमा र खासगरी आगामी दिनमा जुन हामीले हिजोदेखि कायम, यो लागू गर्न नसकेको बृहत् शान्ति सम्झौतालाई कार्यान्वयन गर्ने कुरा छ, अहिले जेन्जी विद्रोहपछि जेन्जी समूहसँग राज्यले गरेको सम्झौता छ, यिनीहरूको कार्यान्वयन गर्नको निम्ति मैले आफ्नो तर्फबाट साथ सहयोग गर्ने नै छु। र आवश्यक पर्ने भूमिका म निःशर्त रूपमा, निस्वार्थ ढंगले मैले निर्वाह गर्ने नै छु।

मैले हुर्काउँदै आएको हिजोको नयाँ शक्ति पार्टी, जो अहिले प्रगतिशील लोकतान्त्रिक पार्टीको रूपमा अगाडि बढेको छ, त्यसको सँगसँगै अरू रास्वपा, अन्य उज्यालो नेपाल पार्टी लगायतका जुन नयाँ बनेका पार्टीहरू छन् र पुराना दलहरूका पनि अग्रगामी सोच राख्ने जो साथीहरू हुनुहुन्छ, उहाँहरू सबैसँग सहकार्य गर्ने, सबैलाई सहयोग गर्ने मेरो प्रतिबद्धता रहन्छ। म यही प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा पनि विगतका जस्तै यहाँहरूबाट सद्भाव प्राप्त भइराख्नेछ, म निरन्तर यहाँहरूको सेवामा लागिरहनेछु। धन्यवाद, नमस्कार!

*डा. बाबुराम भट्टराई*
*पूर्वप्रधानमन्त्री एवम् संरक्षक, प्रलोपा*

## चुनावी मैदानमा अखिल क्रान्तिकारीका ६ पूर्वअध्यक्ष

**काठमाडौं।** आगामी फागुन २१ मा हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) निकट अनेरास्ववियु (क्रान्तिकारी) का ६ जना पूर्वअध्यक्षहरूलाई चुनावी मैदानमा होमिएका छन्।

आगामी चुनावमा क्रान्तिकारीका पूर्वअध्यक्ष देवेन्द्र पौडेल, कृष्णध्वज खड्का, लेखनाथ न्यौपाने, हिमाल शर्मा, रमेश मल्ल र रञ्जित तामाङ प्रतिस्पर्धामा उत्रिएका हुन्। यस पटक नेकपाले विद्यार्थी नेताहरूलाई प्राथमिकता दिएको देखिएको छ। भदौ २३ र २४ गते भएको 'जेन-जी' प्रदर्शनपछि कात्तिक १९ गते माओवादी केन्द्र, एकीकृत समाजवादी लगायत दश घटकसँग मिलेर गठन भएको नेकपाले युवा र नयाँ अनुहारलाई प्राथमिकतामा राखेको देखिन्छ।

आसन्न निर्वाचमा नवलपरासी-१ बाट पौडेल, प्युठान-१ बाट खड्का, गोरखा-२ बाट न्यौपाने, काठमाडौं-६ बाट शर्मा, झापा-५ बाट तामाङ एवं सल्यान-१ बाट मल्लले प्रतिस्पर्धामा उत्रिएका छन्।

## घरदैलो अभियानमा उम्मेदवारको भ्याइनभ्याइ

**काठमाडौं।** आगामी फागुन २१ हुन गइरहेको प्रतिनिधिसभा सदस्यको निर्वाचन हुने दिन छोटिँदै गर्दा कञ्चनपुर निर्वाचन क्षेत्र नं २ मा राजनीतिक दलहरूले आफ्नो चुनावी गतिविधिलाई समेत तीव्रता दिन थालेका छन्। कञ्चनपुर-२ मा मुख्य राजनीतिक दलहरूले निर्वाचन परिचालन समिति गठन गरी घरदैलो अभियानमा जुटेका हुन्।

पछिल्लो समय उम्मेदवारहरूलाई घरदैलो अभियान गर्न भ्याइनभ्याइ परेको छ। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) ले चुनाव लक्षित एक हजार ५५१ सदस्यीय निर्वाचन परिचालन समिति गठन गरी परिचालन गरेको छ। यस क्षेत्रमा नेकपाबाट माधवप्रसाद पन्त उम्मेदवार रहेका छन्। कञ्चनपुर-२ मा नेपाली कांग्रेसले पनि चुनावी तयारीका लागि विभिन्न समिति गठन गरी प्रचारप्रसार थालेको छ। १५१ सदस्यीय प्रचारप्रसार समिति र क्षेत्रीय सहसचिव रमेशप्रसाद भट्टको संयोजकत्वमा ९ सदस्यीय सचिवालय समिति गठन गरी प्रचारप्रसारलाई तीव्रता दिएको कांग्रेसका तर्फबाट पूर्वमन्त्री नारायण प्रकाश (एनपी) साउद उम्मेदवार रहेका छन्। चुनावी अभियानअन्तर्गत प्रदेशसभा (क) र (ख) मा अनुगमन समितिसमेत गठन गरी वडा तहसम्म परिचालन गरिएको पार्टीका क्षेत्रीय सभापति सिंहले जानकारी दिए।

यसैगरी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाल कम्युनिस्ट पार्टी (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टीलगायतले समेत उक्त निर्वाचन क्षेत्रमा चुनावी प्रचारलाई तीव्रता दिएका छन्। कञ्चनपुर-२ का मतदातालाई आफ्ना पक्षमा पार्न लागेका अन्य पार्टी वा समुह जस्तै जनमत पार्टी पनि जनताको घर दैलोमा पुगेको छ। जिल्लाको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं २ मा कूल १९ जना उम्मेदवार चुनावी मैदानमा छन्। त्यसमध्ये चारजना स्वतन्त्र छन्।यस निर्वाचन क्षेत्रमा एक लाख नौ हजार ५७४ मतदाता छन्।

## अन्तरिम मन्त्रीहरूले चुनाव लडेकामा व्यापक आलोचना

**काठमाडौं।** बुधबार बसेको राष्ट्रियसभा बैठकमा सदस्यहरूले अन्तरिम सरकारमा कतिपय मन्त्री चुनावी मैदानमा होमिएका भन्दै आलोचना गरेका छन्। बैठकमा विशेष समयमा धारणा राख्दै सांसदहरूले वर्तमान अन्तरिम सरकारका चार मन्त्रीले जिम्मेवारी छाडेर प्रतिनिधिसभा सदस्यको निर्वाचनमा उम्मेदवारी दिएको विषयमा असन्तुष्टि व्यक्त गरेका हुन्।

२३ र २४ भदौमा भएको 'जेन-जी' प्रदर्शनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा बनेको मन्त्रिपरिषदका चार जना मन्त्रीले राजीनामा दिएर प्रतिनिधिसभामा उम्मेदवार दिएपछि सरकारको नैतिकतामाथि प्रश्न उठ्न सक्ने भन्दै सांसदहरूले असन्तुष्टि जनाए। सांसद नारायणदत्त भट्टले नागरिक सरकार गठन हुँदाको विश्वासअनुसार कार्यसम्पादन हुनुपर्नेमा त्यसो हुन नसकेको धारणा राख्दै बैठकमा नागरिक सरकारमा बसेरै निर्वाचनको उम्मेदवार बन्नु आपत्तिजनक भएको बताए। सांसद भट्टले सत्ताका लागि मात्रै राजनीति गर्ने प्रवृत्तिको आलोचना गरे।

'जेन-जी' प्रदर्शनका सहिदहरूको स्मरण गर्दै सांसद विष्णुकुमारी सापकोटाले शान्तिसुरक्षामा सुरक्षा निकायको भूमिका थप प्रभावकारी हुनुपर्नेमा जोड दिइन्। निर्वाचन घोषणा भएपछि नैतिक जिम्मेवारीबाट पन्छँदै मन्त्रीहरूले राजीनामा दिई दलका झण्डा बोकेर चुनावी मैदानमा जानु अनुचित भएको बताइन्। अर्की सांसद सुमित्रा बिसीले ६ महिनाभित्र चुनाव गराउने प्रतिबद्धतासहित आएको सरकारले बीचमा जिम्मेवारी छाड्नु गैरजिम्मेवारीपूर्ण भएको धारणा व्यक्त गर्दै मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक नगरेको विषयमा पनि सरकारको ध्यानाकर्षण गराइन्।

बैठकमा सांसदद्वय श्रीकृष्णप्रसाद अधिकारी तथा मायाप्रसाद शर्माले आगामी निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित र शान्तिपूर्ण बनाउनु पर्नेमा जोड दिए। सांसद शर्माले सरकारले राष्ट्रिय गौरवका आयोजनाका बजेट रोक्का गर्न नहुने धारणा राख्दै संसद विघटनपछि सभा सञ्चालनका लागि पहल गरेकामा सभाध्यक्षप्रति आभार व्यक्त गरे। संसदले बनाएको बजेट सरकारले रोक्न नहुने धारणा राख्दै अर्का सांसद भुवनबहादुर सुनारल वर्तमान सरकार सुशासन र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित हुनुपर्नेमा जोड दिए।

# किन र कसरी भयो चाउसेस्कुको पतन ?

इतिहास समीक्षा

लक्ष्मण पन्त

२६ जनवरीका दिन रोमानियाको तानाशाह निकोलाई चाउसेस्कुको जन्म भएको थियो । १९६५ देखि १९८९ सम्म मृत्युपर्यन्त रोमानिया कम्युनिस्ट पार्टीको महासचिव पदमा र १९७४ देखि राष्ट्रपतिको पदमा रहेका चाउसेस्कु र उनकी पत्नी एलिनालाई भाग्दै गर्दा पक्रिएर रोमानियाको सेनाले २५ डिसेम्बर १९८९ मा गोलीले उडाइदिएको थियो । अब रोमानियामाथि दशकौंसम्म निरंकुश शासन गरेको शक्तिशाली तानाशाहको पतन कसरी भयो भन्नेबारे चर्चा गरौं ।

२१ डिसेम्बर १९८९ । दिउँसोको समय । रोमानियाको राजधानी बुखारेस्टको प्यालेस स्क्वायर अर्थात् दरबार चोकमा एक लाखको संख्यामा नरनारीहरू राष्ट्रपति चाउसेस्कु र उनकी पत्नी एलिना चाउसेस्कुका ठूला ठूला तस्बिरहरू र हातमा रोमानियाली कम्युनिस्ट पार्टीको झन्डा बोकेर उपस्थित भएका थिए । ती नरनारीहरू सरकारले प्रचार गरेजसरी स्वतःस्फूर्त रूपमा त्यहाँ जम्मा भएका थिएनन् । ती कारखानाका 'विश्वसनीय' श्रमिकहरू थिए । उनीहरूलाई पार्टीको निगरानीमा बसका बस भरेर चुपचाप बुखारेस्ट ल्याई विभिन्न कारखानाका ब्यारेक र गेस्ट हाउसहरूमा अघिल्लो रात राखिएको थियो । केही दिन पहिले तिमीस्वारामा चाउसेस्कुविरुद्ध भएका प्रदर्शनहरूको प्रत्युत्तरमा चाउसेस्कुको निर्देशनमा सरकारले यस प्रदर्शनको आयोजना गरेको थियो ।

पूर्वनिर्धारित तालिकाअनुसार २१ डिसेम्बर १९८९ मा चाउसेस्कु, उनकी पत्नी एलिना चाउसेस्कुका साथै पार्टी र सरकारका उच्च ओहोदाका व्यक्तिहरू रोमानिया कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटी भवनको बालकोनीमा देखिए । त्यहाँ चाउसेस्कुको भाषणमा थुप्रै माइक्रोफोनहरू राखिएका थिए । टेलिभिजन क्यामेराहरू थिए । चाउसेस्कुको देब्रेपट्टि एलिना चाउसेस्कु उभिएकी थिइन् । जनताको विशाल उपस्थिति देखेर चाउसेस्कुले हौसिँदै आफ्नो भाषणको सुरुमै आयोजकहरूलाई बधाई दिएका थिए । यसरी हौसिँदै गर्दा चाउसेस्कुले सपनामा पनि सोचेको थिएन कि अबका ९६ घन्टाभित्र उनीहरू यो दुनियाँबाट बिदा भइसकेका हुनेछन् ।

चाउसेस्कुले भाषण सुरु गरेको दुई- तीन मिनट नहुँदै पछाडितिर ठूलो होहल्ला सुरु भयो । त्यहाँ जनताले चाउसेस्कु मुर्दावाद ! चाउसेस्कु हत्यारा हो ! भन्ने नारा लगाइरहेका थिए । तर अगाडि उभिएकाहरूले भने चाउसेस्कुको भाषणमा थपडी बजाइरहेका थिए । चाउसेस्कुले भाषण रोकेर शान्त रहन धेरै पटक अपिल गर्दा पनि होहल्ला र नाराबाजी रोकिएन ।

त्यसपछिको लगभग दश मिनेटको समय डरलाग्दो थियो । दसौं हजार मानिस चाउसेस्कुले भाषण दिइरहेको भवन अर्थात् कम्युनिस्टहरूको पार्टी हेडक्वार्टरमा प्रवेश गर्न खोज्दै थिए । चाउसेस्कुका अंगरक्षकहरूले भाषण रोक्न लगाएर उनलाई भाषण गरिरहेको बालकनीबाट भवनको भित्र लगे । त्यहाँ चाउसेस्कुको कोर टिमका सबै उपस्थित थिए । चाउसेस्कु मातहतको शक्तिशाली सेक्युरिटाको सुरक्षा प्रमुख लुलियन भ्लाड पनि चाउसेस्कुसँगै थिए । लुलियन भ्लाड त्यही मानिस थिए, जसले रोमानियामा हजारौं विरोधीहरूको सफाया गरेका थिए, तर त्यस बखत उनी मौन थिए ।

त्यसो त कम्युनिस्ट पार्टीको त्यो भवनमा भूमिगत टनेलहरू थिए । त्यो बाटो प्रयोग गरेको खण्डमा चाउसेस्कु सहरबाट टाढा भाग्न सक्थे । तर उनले त्यो बाटो प्रयोग गरेनन् । उनले सन् १९८० देखि आफ्नो हेलिकोप्टर उडाएको पाइलट भासीले मलुतानलाई तत्काल वायुसेनाको हेलिकोप्टरसहित उपस्थिति हुनआदेश दिए । हेलिकोप्टरमा चाउसेस्कु दम्पती, दुई अंगरक्षक र चाउसेस्कुका दुई विश्वासपात्र (उपप्रधानमन्त्री तथा चाउसेस्कुको ज्वाइँ मलिया मलेस्कु र प्रधानमन्त्री एमिल बबु) पाइलटलाई बुखारेस्टबाट ४० माइल टाढा स्नोगोभ भन्ने ठाउँमा लैजान आदेश दिइयो । केहीबेरमा हेलिकोप्टर स्नोगोभमा अवतरण गऱ्यो । चाउसेस्कुले पाइलटलाई वायुसेना प्रमुखसँग कुरा गरेर दुई थप हेलिकप्टर सुरक्षा गार्डसहित ल्याउन निर्देशन दिए, तर वायुसेना प्रमुखले त्यो निर्देशन पालना गरेनन् । तत्पश्चात् चाउसेस्कुले पाइलटलाई बोटेनी सैन्य एअरपोर्टमा लैजान निदेश दियो ।

हेलिकप्टरमा ओभरलोडिङ भएकाले सबै जनालाई लैजान नसक्ने बताएपछि चाउसेस्कु दम्पती र अंगरक्षकहरू मात्र उडे । प्रधानमन्त्री र उपप्रधानमन्त्री उड्न पाएनन् । बोटेनी पुग्नै लाग्दा चाउसेस्कुले हेलीलाई सडकमै ल्यान्ड गर्न आदेश दिए । यसबिच रेडियोमा रोमानियाको आकाशमा कुनै पनि उडान गरेको खण्डमा गोली हानेर खसालिने समाचार प्रचारण भइसकेको थियो । चाउसेस्कु दम्पती र अंगरक्षक हेलीबाट ओर्लिए । पाइलट र क्रुहरू हेली लिएर उडे । सडकमा चाउसेस्कुको हतियारधारी अंगरक्षक मेरियन रुसुले गुडिरहेको रातो कारलाई हात दिएर रोक्न खोज्यो, तर कार रोकिएन । अर्को कारलाई राइफल तेर्स्याएर रोक्ने आदेश दिइयो । त्यो कारको मालिक डा. निकोलाई डेकाले आतंकित भएर चाउसेस्कु दम्पती र एक अंगरक्षकलाई कारमा बसाले । कार वकारेस्टी नामको गाउँका एक व्यक्तिको घर अगाडि पुगेर रोकियो । कारको पेट्रोल सकिएको थियो । त्यो घर निकोलाई पेत्रोसरको थियो । पेत्रोसरले चाउसेस्कुलाई तिर्गोभिस्ते क्षेत्रमा रहेको एउटा स्टिल फेक्टरीमा चाउसेस्कुले भनेबमोजिम पुऱ्याए, तर उनीहरूलाई कारखानामा पस्न दिइएन । त्यो त्यही मोडेल कारखाना थियो, जसलाई विदेशी विशिष्ट पाहुनाहरू आउँदा देखाउन ल्याउने गरिन्थ्यो ।

पेत्रोसरले चाउसेस्कुहरूलाई स्थानीय पार्टी कार्यालयतिर लैजान कार मोडे, तर त्यहाँ पनि माहोल ठिक थिएन । अन्ततः पेत्रोसरले उनीहरूलाई एउटा नर्सरी संरक्षण केन्द्रमा छाडेर आफू त्यहाँबाट टाप कसे । नर्सरी केन्द्रको प्रमुखले पुलिसलाई खबर गरेर चाउसेस्कुहरूको सुरक्षाका लागि अनुरोध गरेपछि उनीहरू स्थानीय मिलिसियाको मुख्यालयका लागि प्रस्थान गरे । सहरमा चारैतिर तनावपूर्ण वातावरण थियो । भिडबाट बचाएर मिलिसिया मुख्यालयमा चाउसेस्कुलाई पुऱ्याउँदा बेलुकी ६ बजिसकेको थियो । यसबिच रोमानियाको सेनाले विद्रोहीहरूलाई समर्थन जनाइसकेको थियो । सेना चाउसेस्कुविरुद्ध रहेको जानकारी मिलिसियालाई प्राप्त भइसकेपछि उनीहरू गाडी, हतियार र गोलाबारुद सबै छाडेर तिर्गोभिस्तेको मिलिसिया भवनबाट भागिसकेका थिए । मिलिसिया भवन नजिकै सेनाको ब्यारेक थियो । त्यहाँको कमान्डरले मुख्यालयबाट हतियार छाडेर सबै मिलिसियाहरू भागेको थाहा पाएपछि स्थिति सम्हाल्न ५० जनाको सैन्य टुकडी त्यहाँ पठाएका थिए । चाउसेस्कुहरू मिलिसिया भवनमा पुग्नासाथ सैन्य टुकडीले उनीहरूलाई नियन्त्रण लिएको थियो ।

त्यसपछिका तीन दिन चाउसेस्कु दम्पतीले तिर्गोभिस्ते सैन्य ब्यारेकमा बन्दीको रूपमा काटे । २५ डिसेम्बरमा बिहान ९ बजे त्यहाँ एउटा हेलिकप्टर ल्यान्ड गऱ्यो, जसमा भर्खरै गठित राष्ट्रिय मुक्तिमोर्चाका एक जना सदस्य, केही अधिवक्ता तथा कार्यवाहक रक्षामन्त्री भिक्टर स्टानकुलेसु सवार थिए । तत्कालै ब्यारेकभित्र रहेको सैन्य स्कुलको कोठालाई अस्थायी विशेष सैन्य अदालतका रूपमा बदलेर निकोलाई चाउसेस्कु र एलिना चाउसेस्कुमाथि मुद्दा चलाइयो । ४५ मिनेटको बहसपछि दुवैलाई मृत्युदण्ड सुनाइयो । केहीबेरमा दुवैलाई खुला मैदानमा ल्याएर गोली हानेर मारियो । यस प्रकार रोमानियामा २५ वर्षदेखि एकछत्र निरङ्कुश शासन चलाएको 'कामरेड' चाउसेस्कुको अन्त भयो ।

केही दिनपछि चाउसेस्कुको मृत्युको समाचार रोमानियाको सरकारी टिभीमा पढ्ने एक जना समाचारवाचकलाई सोधिएको थियो कि तपाईंलाई यो समाचार पढ्दा कस्तो अनुभूति भएको थियो । उसको कथन थियो; 'रोमानियाका जनताको लागि चाउसेस्कुको मृत्यु क्रिसमसको ठूलो उपहार थियो ।'

चाउसेस्कुको शासनबाट जनता आजित भएका थिए । एकातिर जनताको जीवनस्तर दिनप्रतिदिन कठिन बन्दै गइरहेको थियो भने चाउसेस्कु र उनको परिवारको जीवन राजा महाराजाको जीवनशैलीलाई माथ गर्ने खाले थियो । पार्टी र राज्यका सबै अंगहरूमा चाउसेस्कु परिवारको वर्चस्व थियो । चाउसेस्कुकी पत्नी एलिना चाउसेस्कु प्रथम उपराष्ट्रपति र रोमानियाको कम्युनिस्ट पार्टीको चाउसेस्कुपछि दोस्रो वरिष्ठ तहमा थिइन् । उनी महँगा कपडा गहना र जुत्ताहरूको असाध्यै सौखिन थिइन् । विदेश भ्रमण जाँदा त्यहाँबाट महँगा उपहार प्राप्त गर्न पहिल्यैदेखि नै रोमानियाको विदेशका नियोगहरूलाई निर्देशन दिइने गर्दथे । त्यसैगरी चाउसेस्कुको छोरा निकू चाउसेस्कु कार्यकारी समितिको वैकल्पिक सदस्य थिए । कार्यकारी समिति रोमानियाको कम्युनिस्ट पार्टीको कोर कमिटी थियो । साथै उनलाई केन्द्रीय समिति सदस्य र वाईसीएलको प्रमुख बनाइएको थियो । चाउसेस्कु दम्पतीले निकूलाई आफूपछि पार्टी अध्यक्ष र राष्ट्रपति बनाउनुपर्छ भनेर पहिल्यैदेखि नै पार्टीमा निर्देशन गरेका थिए । निकू शराबी, चरित्रहीन र स्त्रीलम्पट मानिस थिए ।

चाउसेस्कुका दुई बहिनी ज्वाइँ एक जना इलि भर्डेट र अर्को मनिया मनेस्कुमध्ये दुवैलाई पालैपालो रोमानियाको प्रधानमन्त्री बनाइएको थियो । त्यसैगरी दाजु इलि चाउसेस्कुलाई उपप्रधानमन्त्री बनाइएको थियो । अर्को एक जना भाई निकोलाई एन्डुता लेफ्टिनेन्ट जनरलको पदमा थियो तर रक्षा मन्त्रालयको हर्ताकर्ता बनेको थियो । त्यसो त रोमानिया देशको पूरा नाम समाजवादी रोमानिया थियो । तर जनताले भने गर्दथे 'समाजवाद रोमानियामा छैन, चाउसेस्कुको परिवारमा मात्र समाजवाद छ ।' एक पटक विदेश भ्रमणमा रहँदा पत्रकारले तपाईंमाथि परिवारवादको आरोप लाग्ने गरेको छ भनेर प्रश्न सोधेको थियो । चाउसेस्कुको गोलमटोल र चक्करदार जवाफ थियोः म तपाईंसमक्ष सामाजिक सरकारको संयन्त्र कसरी चल्छ भन्नेबारे ज्यादा आमधारणा राख्न चाहन्छु । रोमानियाली समाजवादी समाज सामूहिक नेतृत्वको अवधारणामा सञ्चालित रहेको हुन्छ । विभिन्न निकायहरूमा पार्टी र राज्यका कार्यकर्ताहरू आम जनताका साथमा बहसमा भाग लिएर नीति निर्धारण गर्दछन् किनभने रोमानियामा समाजवादी व्यवस्था छ । सबै आर्थिक सामाजिक क्षेत्रहरूमा यस्ता निकायहरू छन्, जसमा सबै कामदार र जनसमुदाय संलग्न रहन्छन् । सबैले सामूहिक निर्णय गर्दछन्, सामूहिक कर्म गर्दछन् र सामूहिक रूपमा समस्याहरूको समाधान गर्दछन् । सरकारले सामूहिक नेतृत्वको सिद्धान्तका आधारमा निर्णय गर्दछ ।

पार्टीका महाधिवेशनहरूका बिचमा केन्द्रीय समिति र कार्यकारी समितिले सबै घरेलु र अन्तर्राष्ट्रिय मामिलाहरूमा निर्णय गर्दछ । यसै नियमअन्तर्गत एलिनाले पनि हाम्रो समाजको विकासका समस्याहरू समाधान गर्न आफ्नो योगदान गर्छिन् ।

चाउसेस्कुको देवत्वकरण चीनमा माओ र रुसमा स्टालिनको भन्दा कम थिएन । उसले मार्क्स एङ्गेल्स र लेनिनका तस्बिरहरूको सट्टा आफ्नो र आफ्नो पत्नीको मात्र फोटो प्रयोग गर्ने आदेश दिएको थियो । चाउसेस्कुले सन् १९७० तिर स्वास्थ्य मन्त्रीलाई भनेका थिए- 'मजस्तो मानिस पाँच सय वर्षमा एक पटक मात्र जन्मिन्छ ।'

अन्त्यमा, चाउसेस्कुको गुप्तचर प्रमुख र सल्लाहकारको पुस्तक रेड होराइजनको यो अंशबाट यो लेखलाई समाप्त गर्दछु- 'रोमानियाको राजधानी बुखारेस्टमा कम्युनिस्ट पार्टीको अतिथिगृहमा एउटा रात्रिभोजको आयोजना गरिएको थियो । कर्नेल बर्तिका विदेश व्यापार मन्त्री बनेको खुशीयालीमा सो रात्रिभोजको आयोजना गरिएको थियो । रात्रिभोजमा रोमानियाली गुप्तचर निकायका प्रमुख र निकोलाई चाउसेस्कुका सल्लाहकारको पनि उपस्थिति थियो । ह्विस्कीका बोतलहरू खाली हुँदै जाँदा इधरउधरका विषयमा कुराकानी गरिरहेका पाहुनाहरूको वार्तालाप कामरेड चाउसेस्कुमाथि ठोक्किन पुग्यो । रक्षामन्त्री आयोन कोमानले भने, 'विचरा कामरेड ! वासिङ्टन र ह्वाइट हाउसको भ्रमण पर्याप्त थियो । बेलायती महारानीबाट हेपिन लन्डन किन जानुपरेको होला ?'

कर्नेल बर्तिकाले च्याँटिदै जवाफ फर्काए, 'हेर कोमान ! रोमानियाका जनताले कामरेडलाई बितेका २० वर्षमा यति दिएका छन्, जति बेलायती महारानीलाई हजार वर्षमा उपलब्ध हुन सकेको छैन । महारानीको एउटा मात्र कार्यालय छ, कामरेडका तीनवटा छन्, जसमा एउटा राजमहल पनि सामेल छ । कोमानज्यु, बेलायतकी महारानीका तीन वटा मात्र आवास छन्, हाम्रो कामरेडका पाँच वटा आवास छन् । कामरेडका लागि ३९ जिल्लामध्ये हरेकमा सुविधासम्पन्न आवासहरू छन् । सिकार खेल्न वा अन्य बेलामा त्यहाँ जाँदा कामरेडले ती आवासहरूको उपयोग गर्दछन् । हाम्रा कामरेडका लागि विदेशका प्रत्येक दूतावासमा राष्ट्रपति आवासहरू बनाइएका छन्, जो विदेश भ्रमणमा जाँदा कामरेडले प्रयोग गर्नुहुन्छ । यस्ता विशिष्ट आवासहरूको संख्या २१ छ । त्यहाँ अरू कसैलाई जाने अनुमति छैन ।'

'बेलायतकी महारानीका दुई मात्र निजी विमान छन् कोमान महोदय । हाम्रा कामरेडसँग ९ वटा विमान र तीन हेलिकप्टर छन् । महारानीसँग एउटा मात्र रेलगाडी छ, कोमानज्यु । तर हाम्रो कामरेडका तीन वटा अत्याधुनिक रेलगाडी छन्,' उनले भनेका थिए, 'महारानीका मात्र दुई वटा एम्बुलेन्स छन् । हाम्रो कामरेडसित अमेरिका र जर्मनीबाट विशेष अडर गरेर झिकाइएका चार एम्बुलेन्स छन् । कामरेडको उपचारका लागि पृथक् अस्पताल र चिकित्सक छन् । महारानीका लागि भने कुनै पृथक् निजी अस्पताल छैन । के बेलायतकी महारानीले लन्डनको केन्द्र भाग भत्काएर आवास वा प्रशासनिक भवन बनाउने क्षमता राख्छिन् ? तर हामीसँग त्यो क्षमता छ कमरेडहरू । हामी छिट्टै एउटा प्रशासनिक भवन बनाउनेछौं । त्यसको नाम हुनेछ- निकोलाई चाउसेस्कु प्रशासनिक केन्द्र ।'

एकातिर चाउसेस्कुको वैभवले आक्काश छोएको थियो भने अर्कोतिर राजधानी बुखारेस्टसहित रोमानियाभरि खाद्य सामग्रीहरू, चिनी, मासु आदि वस्तुहरूको चरम अभाव थियो । सरकारले मुलुकको औद्योगिकीकरण गर्ने नाममा र विदेशी मुद्रा आर्जन गर्ने नाममा खाद्य वस्तुहरूको विदेशमा निर्यात गर्ने आदेश दिएको थियो । आम जनतालाई खाना पकाउने ग्यास लिन तीन-तीन दिनसम्म लाइनमा बस्नु पर्थ्यो । सीमित मात्रामा प्राप्त हुने खाद्यान्न, अण्डा, मासुका लागि राति तीन बजेदेखि नै स्टोरहरूमा मानिसहरूको लामो लाइन लाग्ने गर्थ्यो । कुकुराको मासु पाउनु दुर्लभ थियो । -**रातोपाटी**बाट

# राष्ट्रिय झण्डाको दुरूपयोग गर्नेलाई कारबाही माग

**काठमाडौं ।** राष्ट्रियसभा सदस्यहरूले सरकारलाई आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन ध्यानाकर्षण गराएका छन् । राष्ट्रियसभाको मंगलबार बसेको बैठकको विशेष समयमा बोल्दै उनीहरूले राष्ट्र र जनताको हितमा हस्तक्षेप गर्नसक्ने उम्मेदवारलाई विजयी बनाउन मतदातालाई आग्रह गरेका हुन् ।

नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रियसभाका सचेतक गंगाकुमारी बेलबासेले बेथिति र भ्रष्टाचार, वैदेशिक हस्तक्षेपका विरुद्ध सशक्त आवाज उठाउने उम्मेदवारलाई विजयी गराउनुपर्ने धारणा राख्दै आफ्नो मतको दुरुपयोग नगर्न आग्रह गरिन् । 'सच्चा व्यक्ति र मतको कदर गर्ने व्यक्तिलाई जिताउन अपिल गर्छु । अब बन्ने सरकारले विकृति र विसङ्गति रोक्ने र बेरोजगारीको अन्त्य गर्नुपर्छ' उनको भनाइ थियो । चुनावी प्रचारप्रसारका क्रममा राष्ट्रिय झण्डाको दुरुपयोग भएकोतर्फ औंल्याउँदै सांसद बेलबासेले राष्ट्रिय झण्डाको दुरुपयोग गर्नेलाई कारबाही गर्नुपर्नेमा जोड दिइन् ।

बैठकमा अर्की सांसद राजेन्द्रलक्ष्मी गैरेले अघिल्लो सरकारले मुलुकमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न नसक्दा 'जेन-जी' प्रदर्शन भएको यथार्थ प्रस्तुत गर्दै मुलुकको समृद्धिका लागि सबै पक्ष एकताबद्ध हुनुपर्नेमा जोड दिइन् । राजनीतिक अनिश्चितताका बीच निर्धारित मितिमै निर्वाचन सम्पन्न गर्न लागेकामा सरकारलाई धन्यवाद दिँदै उनले राष्ट्र र जनताको सर्वोत्तम हित गर्नसक्ने उम्मेदवारलाई निर्वाचनमा विजयी गराउनु पर्नेमा जोड दिइन् । बैठकमा नेपाली कम्युनिस्ट पार्टीका सांसद गोपीबहादुर सार्की अछामीले लोकतन्त्र र संविधान रक्षाका लागि निर्वाचनबाहेक कुनै विकल्प नरहेको चर्चा गर्दै निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन सरकारको ध्यानाकर्षण गराए ।

'जेन-जी' प्रदर्शनका क्रममा प्रहरीका हतियार लुटिएका दृष्टान्त पेश गर्दै उनले त्यही समयमा भागेका कैदीबन्दीहरूलाई बाहिर रहेको मात्र नभइ नयाँ र पुराना राजनीतिक दलहरूबाट तिक्ततापूर्ण अभिव्यक्ति आइरहेका अवस्थातर्फ औंल्याउँदै उनले भने 'निर्वाचन शान्तिपूर्ण ढंगबाट अगाडि बढोस्, लोकतन्त्र, संविधान र परिवर्तनका उपलब्धिहरूलाई संस्थागत गर्दै जनभावनाअनुसारको अघि बढ्ने परिस्थिति होस् ।'

यसैगरी नेपाली कांग्रेसका सांसद किरणबाबु श्रेष्ठले निर्वाचनमार्फत मुलुकलाई संवैधानिक 'ट्र्याक'मा ल्याउनुपर्नेमा जोड दिए । 'पुराना दलहरूलाई यो निर्वाचनबाट 'नामेट' बनाउनुपर्छ भन्ने भाष्य सिर्जना गरेर केही नयाँ भनिएका राजनीतिक दल लागिरहेका छन्, यो मुलुकमा प्रजातन्त्र, लोकतान्त्रिक अधिकार र संविधान कसले ल्यायो ?' उनको भनाइ थियो 'दलका केही पात्र खराब हुन सक्छन्, तर राजनीतिक दललाई दोषको भागी बनाएर जनतामा भ्रमित गर्ने कोसिस भइरहेको छ, त्यसप्रति सम्पूर्ण नागरिक सचेत हुनुपर्छ ।'

कांग्रेस सांसद नारायणदत्त मिश्रले निर्वाचनलाई निष्पक्ष र धाँधलीरहित बनाउँदै दल तथा उम्मेदवारलाई मत माग्न र मतदातालाई ढुक्क भएर मतदान गर्ने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराए । सांसद मिश्रले 'जेन-जी' प्रदर्शनले सकारात्मक र नकारात्मक पाटोप्रति सदैव सचेत हुनुपर्ने बताए ।

'यो आन्दोलनले सबै एक हौं भन्ने भावना विस्तार र युवालाई एकजुट गरायो, तर कसैलाई शासनबाट लेखट्न वैचारिक र वैधानिक बाटोको सट्टा तोडफोड र आगजानी गर्ने खराब बाटोबाट देशका युवाहरू उद्यत हुन्छन् भन्ने चिन्ताले सताएको छ' उनको भनाइ थियो । नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सांसद गोपाल भट्टराईले 'जेन-जी' प्रदर्शनका क्रममा कारागारबाट भागेका कैदी र प्रहरीबाट लुटिएका हतियार निर्वाचन सुरक्षामा चुनौती बन्न सक्नेतर्फ औंलाउँदै सुरक्षा व्यवस्थालाई सुदृढ बनाउन सरकारको ध्यानाकर्षण गराए । मुलुकलाई असफल राष्ट्र बनाउने चलखेल भइरहेको जनाउँदै उनले यसप्रति संसद चनाखो बन्नुपर्ने बताए ।

# युवराज सफल पक्राउ, ३ दिन म्याद थप

**काठमाडौं ।** जिल्ला प्रहरी परिसरले युवराज सफल भनिने युवराज पौडेललाई पक्राउ गरिएको बताएको छ । परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले मंगलबार निजलाई काठमाडौंबाट पक्राउ गरिएको बताएका हुन् ।

सामाजिक सञ्जालमा महान्यायाधिवक्ता र महान्यायाधिवक्ता कार्यालयविरुद्ध तथ्यहीन आरोप लगाएको भन्ने विषयमा अनुसन्धानका लागि पौडेललाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । निजलाई मंगलबारै अदालतमा पेस गरी अनुसन्धानका लागि तीन दिनको म्याद समेत लिइएको प्रवक्ता भट्टराईले जानकारी दिए ।

महान्यायाधिवक्ताको कार्यालयले यही माघ ८ गते नै पौडेलमाथि अनुसन्धान गरी कारबाही गर्न पत्राचार गरेका आधारमा पक्राउ गरिएको बताउँदै प्रहरीले पौडेलविरुद्ध विद्युतीय अपराधको कसुरमा अनुसन्धान सुरु भएको उल्लेख गरेको छ ।

# चिसोका कारण रुकुमपूर्वको जनजीवन प्रभावित

**काठमाडौं ।** मंगलबार रातिदेखि भएको हिमपात र वर्षाले बढेको चिसोबका कारण रुकुमपूर्वको जनजीवन प्रभावित बनेको छ । जिल्लाको हिमाली तथा उच्च लेकाली क्षेत्रमा भारी हिमपात भएपछि अत्यधिक चिसो बढेको हो ।

यस वर्ष दोस्रो पटक हिमपात हुँदा जिल्लाको पुथा उत्तरगंगा गाउँपालिकाको अधिकांश क्षेत्र, भूमे गाउँपालिकाको उच्चलेकाली क्षेत्र र सिस्ने गाउँपालिकाको १, २ र ४ नं वडामा हिमपात हिमपातले चिसो अत्यधिक बढेपछि सर्वसाधारण घरभित्रै रहेको पुथा उत्तरगंगा गाउँपालिकाँ-१ मैकोटका विकास पुनले जानकारी दिए । 'अहिले पनि निरन्तर हिमपात भइरहेको छ' उनले भने 'हिमपातका कारण मानिसलाई दैनिक कामकाज गर्न र वस्तुभाउलाई घाँसपात गर्न समस्या भइरहेको छ ।' जिल्लाका डाँडाकाँडा हिमपातले सेताम्य भएको पुथा उत्तरगंगा-५ का वडाध्यक्ष टीकाराम घर्तीले जनाकारी दिए । आकाशे पानीको भरमा खेतीपाती गर्ने किसानलाई यो हिमपात र वर्षाले निकै खुसी पारेको पनि घर्तीले बताए ।

हिउँले डाँडाकाँडा सेताम्य भएपछि हिउँमा खेलेर मनोरञ्जन लिनेहरू समेत रमाएका छन् हिमपातका कारण रुकुम पूर्वमा मध्यपहाडी लोकमार्ग अवरुद्ध हुँदा यात्रुहरू पनि बाटोमा अलपत्र बनेका छन् । काठमाडौंबाट रुकुम पूर्वसहित रुकुम पश्चिम र डोल्पाका लागि छुटेका बस पातिहाल्नामा फसेका तीन सय हाराहारीको यात्रुलाई उद्धार गरिएको प्रमुख जिल्ला अधिकारी सीता परियारले जानकारी दिइन् ।

# लाङटाङ क्षेत्रमा जम्यो एक इन्च बाक्लो हिउँ

**काठमाडौं ।** यस वर्ष रसुवा जिल्लाको उत्तरी भेगमा पहिलो हिमपात सुरु भएको छ । बुधबार बिहानदेखि लाङटाङ, गोसाइँकुण्ड, नाकथली, पाङसाङ, हाकुडाँडा, यार्सा भञ्ज्याङलगायत उच्च हिमाली क्षेत्रमा हिमपात हुन थालेको हो ।

लाङटाङ क्षेत्रमा करिब एक इन्च हिउँ जमेको छ भने घोडातबेलासम्म हिमपात आइसकेको स्थानीयले बताएका छन् । राम्चेभन्दा माथिल्लो क्षेत्रमा चिसो अत्यधिक बढेकाले जनजीवन प्रभावित बन्न थालेको छ । अहिले लाङटाङका आधिकांश स्थानीय काठमाडौंमा भएकाले हिमपातले लाङटाङ बस्तीमा असर नगरेको गोसाइँकुण्ड गाउँपालिका-४ का वडाध्यक्ष ढिण्डुप तामाङले जानकारी दिए । रसुवा जिल्ला अस्पतालले हिमपात र चिसोको असरले स्वास्थ्य समस्या देखिन सक्ने भएकाले ज्येष्ठ नागरिक र बालबालिकालाई विशेष सतर्कता अपनाउन आग्रह गरेको छ । अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा अमितकुमार शाहले न्यानो लुगा लगाइदिने, तातो तथा पोषिलो झोलिलो खानेकुरा खुवाउने र धुवाँको असर नपर्ने न्यानो स्थानमा राख्न समुदायलाई अनुरोध गरे ।

हिमपात र वर्षाले जमिन चिसो हुने विश्वासले किसानहरू हिउँदेबाली सप्रने भन्दै किसानहरू खुसी भएका छन् । हिमपातसँगै रसुवाको उत्तरी भेगमा चिसो बढे पनि यसले पर्यटन र कृषि क्षेत्रमा दीर्घकालीन रूपमा सकारात्मक वातावरण बनाउने अपेक्षा गरिएको छ ।

# हिमाली जिल्लामा भारी हिमपात र वर्षा

**काठमाडौं ।** मंगलबार रातिदेखि मुलुकभरका विभिन्न हिमाली जिल्लामा भारी हिमपातका साथै वर्षा भएको छ । भारी हिमपातका कारण हिमाली जिल्लाका डाँडाकाँडा पूरै सेताम्मे भएका हुन् । भारी हिमपातका कारण कागबेनी-कोरला सडक दुई फिटभन्दा बढी हिउँ जमेपछि यातायात अवरुद्ध भनेको छ ।

हिउँ परेसँगै स्याउ, उवा, फापर, जौं र आलुलगायत बाली सप्रने आशा पलाएको घरपफोङ गाउँपालिकाका कृषि शाखा प्रमुख रोशन थकालीले बताए । हुम्ला, मुगु, डोल्पा, जुम्ला र कालिकोटमा मंगलबार रातिदेखि नै बाक्लो हिमपात भइरहेको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख शंकर खड्काका अनुसार सदरमुकाम सिमकोट सहित उच्च भेगमा एक फिट हिउँ जमेको छ । हिमपातले हवाई सेवा अवरुद्ध हुनाका साथै लिमी, न्यालु, यारी र हिल्सा सडक बन्द भएका छन् ।

यसैबीच, बाजुरा जिल्लाका बडीमालिका, बुढीगंगा त्रिवेणी, बुढीनन्दा नगरपालिका, हिमाली, खप्तड छेडेदह, गौमुल, स्वामीकार्तिक, जगन्नाथ गाउँपालिकाका लेकमा बाक्लो हिमपात भएको छ । हिमपातका कारण हिमालीको विच्छ्या, रुगिन, बाँधु, गौमुलको अल्लिस, दहकोट, बुढीनन्दाको कुरु गाउँको जनजीवन प्रभावित भएको छ । वर्षासँगै हिमापात भएपछि गहुँ बाली सप्रने कृषि ज्ञान केन्द्रका प्रमुख जसीराम सहानीले बताए ।

केही दिनदेखि हिमपातले बागलुङ, बैतडी, जुम्लालगायतका जिल्लमा भारी हिमपात र वर्षा भएको हो । शनिबारको भारी हिमपातले कर्णाली राजमार्ग अन्तर्गत नाग्म-गमगढी सडकखण्ड बन्द भएको छ हो । जुम्लास्थित कनकासुन्दरी गाउँपालिका-१ स्थित भुलभुलेमा बाक्लो हिउँ जमेपछि डोजरले हिउँ पन्छाएर सञ्चालनमा ल्याइएको छ । हिमपातले जुम्लामा चिसो समेत अत्यधिक बढेको छ ।

# चिसो छल्न आगो बालेर कार्य सञ्चालन

**काठमाडौं ।** हुम्लामा भारी हिमपात र वर्षा हुँदा स्थलयातायात हवाई यातायात र स्थलमार्ग एवं स्थानीय जनजीवन अस्तव्यस्त बन्दै गर्दा किसानहरूलाई भने हर्षित बनाएको छ ।

बुधबार भारी हिमपातका बावजुद पनि सदरमुकामका कार्यालयमा आगो बालेर सेवाग्राहीलाई सेवा दिइएको प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले बताए । नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र सरकारी कार्यालयका कर्मचारीले सिमकोट विमानस्थलमा रहेको हिउँ सफा गर्ने कार्य तीव्र बनाएका छन् । दक्षिणी भेगतिर पानी आएर आवतजावत बन्द भएको छ । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हुम्ला जिल्लामा मनोनयन दर्ता गरेका सातवटै दलका उम्मेदवारहरूले हिमपात हुँदाहुँदै पनि गाउँ-गाउँमा प्रचारप्रसार गर्ने कार्य भइरहेको बताएका छन् । दुई दिनको हिमपातले गर्दा नेपालगञ्ज र सुर्खेतबाट सिमकोटको हवाई उडान समेत बन्द भएको छ । हिमपात भएपछि स्थानीय बासिन्दाले खुसी व्यक्त गरेका छन् । हिमपातले गर्दा मंसिरमा लगाएको जौ, गहुँ, उवालगायतका बाली राम्रो उत्पादन दिने स्थानीयले बताए ।

# हिमपातसँगै किसानमा खुसीयाली

**काठमाडौं ।** हिमाली जिल्ला मनाङलगायतका विभिन्न जिल्लामा हिमपात भएसँगै किसानहरूमाझ खुशी छाएको छ । लामो समयदेखि वर्षा र हिमपात नहुँदा आत्तिएका किसानलाई केही दिनदेखि हिमपात हुँदा हर्षित बनाएको हो ।

हिमपात भएपछि मनाङका डाँडाकाँडा, खोला, नदी, ताल, धारा पँधेरा पूर्ण रूपमा जमेर सेताम्मे देखिएका छन् । यसअघि कात्तिक १० र ११ गते हिमपात भएको थियो । माथिल्लो मनाङको खाङसार, मनाङ गाउँ, टंकी मनाङ गाउँ, घ्यारु, डावललगायत गाउँ अहिले हिउँले ढाकिएको मनाङ डिस्याङ गाउँपालिका-५ भ्राकाका घ्याम्चो गुरुङले बताए । 'मनाङका गाउँतिर करिव एक फिटभन्दा बढी हिउँ परेको छ । यसले किसान भएका छन् । हिउँ परेपछि यहाँको उत्पादन बढ्ने हो । हिउँ पर्दा जनजीवन केही दिन भने कष्टकर हुन्छ ।' प्रमुख जिल्ला अधिकारी नवराज पौड्यालले माथिल्लो मनाङ (मनाङ डिस्याङ) गाउँपालिकामा बुधबार रातिदेखि हिमपात भइरहेको जानकारी दिए । सदरमुकाम चामेमा हिउँ पर्न रोकिएर पानी पर्न थालेको छ । हिउँ पछिसम्म रहने र सिँचाइको काम गर्ने भएकाले जिल्लाका किसान खुसी देखिएका छन् ।

यसैगरी, गोरखामा भारी हिमपात भएको छ । बुधबार बिहान ३ बजेदेखि सुरु भएको हिमपातले चुमनुब्री गाउँपालिका-१ को साम्दो, सामागाउँ, वडा नं २ को ल्हो, स्याला, वडा नं ६ को चुम्चेत, वडा नं ७ को नौवटै गाउँबस्ती सेताम्मे बनेको छ । हिउँ परेपछि स्थानीयहरू खेतीपाती राम्रो हुने, धुलो उड्न रोकिने, हुरीबतास नचल्ने र आगलागी डर कम हुने भन्दै खुशी व्यक्त गरेका छन् । चुमनुब्री-७ की पासाङफुञ्जो लामाले भनिन 'सँधै हुरीबतास चलेर अहिले त घरको अँगेनामा आगो फुक्न पनि नसक्ने अवस्था थियो, अब बल्ल हिउँ पऱ्यो, आगलागीको डर हट्यो । हुरीबतास चलेर धुलो उडाएर बस्न नसक्ने भएको थियो ।' उनले हिउँ परेपछि मंसिर लगाएको गहुँखेतीले र आफूले पानी खान पाउने भन्दै खुशी व्यक्त गरिन् । हिमपात भएपछि सबै स्थानीय आगो तामेर घरभित्रै बसेको भए पनि आफूले लगाएको हिउँदे बालीलाई निकै राम्रो भएको भन्दै खुशी भएका हुन् ।

हिउँ परेपछि अर्को जिल्ला जुम्लाको तिला गाउँपालिका-१ का स्थानीय लंक बुढा अत्यधिक चिसो भए पनि हिउँदे बाली सप्रने भन्दै खुशी व्यक्त गरे । हिउँदे याममा जुम्लामा हिमपात भएपछि किसानले लगाएको हिउँदे बालीनाली निकै राहत पुगेको कृषि विकास कार्यालय जुम्लाका प्रमुख रामभक्त अधिकारीले बताए । स्याउका नयाँ बिरुवा लगाउने समय भएकाले हिउँ पर्दा सहज भएको जुम्लाका किसानले बताए । लामो समयदेखि हिमपात नहुँदा सुक्न थालेको हिउँदे बालीमा हिउँपातले राहत पुगेपछि किसानले राहत महसुस गरेका छन् ।

हिउँपातले गहुँ, जौ, आलुलगायत हिउँदे बालीलाई फाइदा पुग्ने कृषि विकास कार्यालय जुम्लाले बताएको छ । हिमपातबाट कठ्यांग्रिने चिसोका बढेका कारण स्थानीयको दैनिकी समेत बदलिएको छ । चिसो बढेर जनजीवन कष्टकर बने पनि माघको पहिलो हप्ता हिमपात परेसँगै जुम्लासहित माथिल्लो कर्णालीका किसानमा खुसियाली छाएको छ ।

# सरकारले भयमुक्त वातावरणमा निर्वाचन गराउँछ : गृहमन्त्री अर्याल

**काठमाडौं ।** सरकारले आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षा मजबुत बनाई भयमुक्त वातावरण निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकता दिई काम गरिरहेको गृहमन्त्री ओमप्रकाश अर्यालले बताएका छन् ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारीबारे भइरहेको गतिविधिका बारेमा जानकारी लिन बिहीबार निर्वाचन आयोग पुगेका गृहमन्त्री अर्यालले शान्तिसुरक्षा बिथोल्न खोज्ने जो कोहीलाई कडाभन्दा कडा कारबाही गर्न सरकार कटिबद्ध रहेको दावी गरेका हुन् । उनले मतदाता, राजनीतिक दल, उम्मेदवार, निर्वाचनमा खटिने कर्मचारी एवं सुरक्षाकर्मीलगायत सरोकार भएका सबैको सुरक्षाको भरपर्दो व्यवस्था मिलाएको जानकारी दिए । यसका लागि मन्त्रालयले निर्वाचन कार्यतालिकासँग तालमेल हुने गरी सुरक्षा योजना बनाई काम गरिरहेको बताउँदै गृहमन्त्री अर्यालले भने 'आपराधिक तथा निर्वाचन विरोधी गतिविधिउपर शून्य सहनशीलताको नीति अवलम्बन गरी कार्य गर्न स्थानीय प्रशासन, सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिइसकिएको छ ।'

छलफलमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रतिनिधिसभा सदस्य निर्वाचन तयारीका क्रममा सरकारबाट प्राप्त सहयोग र समन्वयप्रति धन्यवाद व्यक्त गर्दै निर्वाचन व्यवस्थापनका क्रममा आयोगका तर्फबाट गरिनुपर्ने व्यवस्थापकीय तयारी सम्पन्न भएको जानकारी गराए । निर्वाचन व्यवस्थापनका क्रममा संविधान, निर्वाचनसम्बन्धी कानुन, निर्वाचन आचारसंहिता विपरीत हुने कुनै पनि गतिविधि एवं क्रियाकलापप्रति आयोग कठोर रूपमा प्रस्तुत हुने कावा प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए । उनले कुनै पनि पक्षबाट हुने दण्डहीनता आयोगलाई मान्य नहुने बताए ।

छलफलमा निर्वाचन आयुक्तद्वय सगुनशमशेर जबरा र डा जानकीकुमारी तुलाधर, निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउत, गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठलगायत उच्चपदस्थ अधिकारीहरूको उपस्थिति थियो । छलफलमा निर्वाचनलाई निष्पक्ष, पारदर्शी एवं भयमुक्त वातावरणमा सम्पन्न गराउन समग्र शान्तिसुरक्षा र निर्वाचनको समय व्यवस्थापनबारे समेत कुरा उठेको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

## श्रमजीवी पत्रकारको तलब सुनिश्चितता गर : महासंघ

**काठमाडौं ।** नेपाल पत्रकार महासंघले श्रमजीवी पत्रकारहरूको सेवासुविधा नपाएको प्रति चिन्ता व्यक्त गरेको छ ।

महासंघले 'नेपाल रिपब्लिक मिडिया लिमिटेड'को प्रकाशन नागरिक दैनिक पत्रिकामा कार्यरत श्रमजीवी पत्रकारले सेवासुविधा नपाएकामा चिन्ता व्यक्त गर्दै तलब सुनिश्चितता हुनुपर्नेमा जोड दिएको हो । महासंघका वरिष्ठ उपाध्यक्ष दीपक आचार्यसहितको टोलीले नागरिक दैनिकका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारीको कार्यकक्षमा तालाबन्दी गरी तत्काल पत्रकारले पाउनुपर्ने सेवासुविधा उपलब्ध गराउने सुनिश्चितता हुनुपर्नेमा जोड दिएका हुन् ।

श्रमजीवी पत्रकार ऐनले तोकेको न्यूनतम पारिश्रमिक र सेवासुविधाबाट वञ्चित हुनुपरेको गुनासासहितको उजुरी प्राप्त भएपछि पत्रकारका पक्षमा उभिएको महासंघले स्पष्ट गरेको छ । नेपाल पत्रकार महासंघ, नागरिक प्रतिष्ठान शाखाका अध्यक्ष रघुनाथ लामिछानेका अनुसार लामो समयदेखि तोकिएको सेवा सुविधा नपाएपछि विरोध, धर्ना, प्रदर्शनलगायतका कार्यक्रमसहित व्यवस्थापनका विरुद्धमा उभिनुपरेको हो । उनले संस्थाले सरकारद्वारा तोकिएको न्यूनतम पारिश्रमिक नदिएको, कोभिड-१९ को बहानामा करिब ४३ महिनासम्म ५० देखि ७५ प्रतिशतसम्म तलब कटौती गरेको गुनासो गरेका थिए ।

रिपब्लिक मिडिया लिमिटेडकी अध्यक्ष शोभा ज्ञवालीले संस्थामा करिब तीन सय जना पत्रकार तथा कर्मचारी कार्यरत रहेको जानकारी दिँदै तोकिएको जिम्मेवारीभन्दा पनि विरोधका कार्यक्रममा केही पत्रकार तथा कर्मचारी सरिक भएकामा दुःख व्यक्त गर्दै सम्बद्ध पक्षसँग छलफल गरी समस्या समाधान गर्न व्यवस्थापन तयार रहेको बताएकी छन् । अध्यक्ष ज्ञवालीले मुलुकको समग्र अर्थतन्त्रमा देखिएको आर्थिक मन्दीको प्रभाव सञ्चार गृहमा पनि परेको स्पष्ट गर्दै स्रोत अभावका कारण पारिश्रमिक दिन केही ढिलाइ भए पनि वास्तविक एवं पीडित श्रमजीवी पत्रकारसहित कर्मचारीले न्याय पाउने विश्वास दिलाइन् ।

रिपब्लिक मिडिया लिमिटेड लगाइएको ताला भने केही घण्टापछि सो प्रकाशन गृहले नेपाल प्रहरी, स्थानीय तह र सम्बन्धित पक्ष राखेर खुलाएको थियो ।

## नेपाल र चीनका गभर्नरबीच भेटवार्ता

**काठमाडौं ।** चीन भ्रमणमा रहेका नेपाल राष्ट्र बैंकका गभर्नर प्राडा विश्वनाथ पौडेल र पिपुल्स बैंक अफ चाइना (पिबिओसी) का गभर्नर फान कोङसङबीच बिहीबार भेटवार्ता भएको छ । चीनस्थित थियानचिनमा 'बैंक फर इन्टरनेसनल सेटलमेन्ट्स' द्वारा आयोजित बिसौं एसिया प्यासिफिक हाई लेभल मिटिङ अन ब्याङ्किङ सुपरभिजन' कार्यक्रममा उनीहरूबीच भेट भएको हो ।

गभर्नर पौडेलको सचिवालयका अनुसार भेटमा उनीहरूबीच दुई केन्द्रीय बैंकबीच सहयोग र सहकार्यका विविध विषयमा कुराकानी भएको हो । भेटका क्रममा उनीहरूबीच नेपाल र चीनबीच सीमापार भुक्तानी, लगानी तथा सहयोग आदान-प्रदानका क्षेत्रका अवसर र चुनौती, वित्तीय क्षेत्रका उदीयमान अभ्यास, नवप्रवर्तन र प्रविधिको विकासबाट हुने लाभ र समसामयिक विषयमा दुईपक्षीय सहयोग आदान-प्रदानका विषयमा छलफल भएको थियो । त्यस क्रममा दुवै मुलुकका नागरिकको भ्रमणका क्रममा क्युआर कोडमार्फत हुने भुक्तानीको सहजीकरण तथा लागत न्यूनीकरण गर्ने विषयमा समेत उनीहरूबीच छलफल भएको सचिवालयले जनाएको छ ।

भेटका अवसरमा पिबिओसीका गभर्नर फानले विद्युतीय भुक्तानी कारोबारको आधुनिकीकरण, सहयोग आदान-प्रदान र सहकार्यका लागि चिनियाँ केन्द्रीय बैंक तयार रहेको धारणा राखेका थिए । गभर्नर पौडेलले दुई केन्द्रीय बैंकबीच सहकार्य, समन्वय र सञ्चारको निरन्तरता आवश्यक रहेको र यसका लागि आवश्यक भूमिका निर्वाह गर्न नेपाल राष्ट्र बैंक तत्पर रहेको विचार व्यक्त गरेका थिए । भेटमा पिपुल्स बैंक अफ चाइना (पिबिओसी) का अन्तर्राष्ट्रिय विभागकी महानिर्देशक चउ यु तथा राष्ट्र बैंकका तर्फबाट बैंक सुपरीवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावल र गभर्नरको कार्यालयका सहायक निर्देशक रोशन न्यौपानेलगायत सहभागी रहेका थिए ।

## सुकमाया हत्या आरोपमा पाँच पक्राउ

**काठमाडौं ।** जिल्ला प्रहरी कार्यालय चितवनले रत्ननगर नगरपालिका-४ निवासी ६३ वर्षीया सुकमाया देवी तामाङको हत्याका आरोपी पक्राउ गरी सार्वजनिक गरेको छ ।

पुस २६ गते आफ्नै घरमा हातखुट्टा र मुखमा कपडाले बाँधी हत्या गरेको अभियोगमा प्रहरीले पाँच जनालाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय चितवनका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रविन्द्र खनालले एक पत्रकार सम्मेलन गरी सार्वजनिक गरिएको जानकारी दिए । उक्त घटनामा संलग्नता रहेका बारा, जीतपुर सिमारा उपमहानगरपालिका-२२ घर भई रत्ननगर नगरपालिका-१० बस्ने ४६ वर्षीय मोटे र विजय भनिने शुक्रबहादुर भोलन, सोही स्थानका हाल ललितपुर महानगरपालिका-१० च्यासल बस्ने ४२ वर्षीय सूर्यमान वाइबा, धादिङ थाक्रे गाउँपालिका-५ का ३२ वर्षीय बुद्धिमान लामा, स्याङ्जा बिरुवा गाउँपालिका-८ पेल्का स्थायी घर भई हाल रत्ननगर नगरपालिका-४ बस्ने ३१ वर्षीय कौबहादुर गुरुङ र मकवानपुर थाहा नगरपालिका-१२ घर भई हाल काठमाडौं थानकोट बस्ने ४७ वर्षीय हिराबहादुर स्यांतानलाई पक्राउ गरिएको जानकारी दिए ।

प्रहरीले उनीहरूलाई रत्ननगर नगरपालिका, नवलपरासी (बर्दघाट, सुस्तापूर्व), इच्छाकामना गाउँपालिकाको फिस्लिङ र थानकोटबाट पक्राउ गरिएको जानकारी दिएको छ । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीले केही समय अघि तामाङको घरमा भाडामा बस्दै आएका भोलानसहितको योजनामा हत्या गरिएको बताए । पक्राउ परेकाहरूको साथबाट ना २५ प ६९६५ नम्बरको पल्सर मोटरसाइकल, बागमती प्रदेश ०१-००२ ज ७९८५ नम्बरको ट्याक्सी, मृतकको मोबाइल, पर्स र सात थान मोबाइल बरामद गरेको पनि प्रहरीले बताएको छ ।

तामाङको घरबाट दुई तोला ५० लालको सुनको सिक्रीसहितको काँडावाला माडवरी एक थान, एक तोला २५ लालाको सुनको बाला, ५० लालको सुनको औंठी, एक तोलाको सुनको जन्तर, मोती माला, मोबाइल दुई थान र एक लाख नगदसहित १५ लाख ३६ हजार सात सय बराबरको नगद लुटपाट गरिएको प्रहरीको प्रारम्भिक अनुमान छ । पक्राउ परेका उनीहरूलाई कर्तव्य ज्यान र चोरी तथा डाँकासम्बन्धी कसुरमा मुद्धा दायर गरिएको पुरीले जानकारी दिए । इलाका प्रहरी कार्यालय रत्ननगरका प्रमुख प्रहरी नायव उपरीक्षक सुभाष भट्ट नेतृत्वको अनुसन्धान टोलीले दुई साता लगाएर अनुसन्धान गरी दोषी पहिचान गरेर निजहरूलाई पक्राउ गरी सार्वजनिक गरेको हो ।

## राष्ट्रहित र स्वाभिमानका पक्षधर एकजुट हुनुपर्नेमा जोड

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले)का नेता ईश्वर पोखरेलले राष्ट्रिय स्वाभिमान, स्वाधिनता, स्वतन्त्रता र अखण्डताका पक्षमा उभिने शक्ति एकजुट हुनुपर्नेमा जोड दिएका छन् ।

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा काठमाडौं क्षेत्र नं ५ का उम्मेदवार समेत रहेको उनले एमालेको क्षेत्र नं ५ स्तरीय भेलालाई सम्बोधन गर्दै राष्ट्रियताको विपक्षमा उभिनेहरूलाई जनताले चिन्नुपर्ने र एमालेले मुलुकको हितबाहेक अरु कुरामा ध्यान नदिने स्पष्ट पारेका हुन् । 'विकास निर्माणका मुद्धा हामीले उठाउँदै आएका छौं । एमाले अध्यक्ष केपी ओली प्रधानमन्त्री हुँदा धेरै राम्रा कामका सुरुवात भएका थिए' उनको भनाइ थियो 'पूरा नभएका काम सम्पन्न गर्नका लागि एमालेले जित्नुपर्छ ।' कार्यक्रममा एमालेका उपमहासचिव योगेश भट्टराई, सचिव डा राजन भट्टराई, राजधानी विशेष प्रदेश कमिटीका अध्यक्ष नारायण सिलवाल, एमालेको काठमाडौं जिल्ला अध्यक्ष दीपक निरौलालगायत सहभागीत भएका थिए ।

## मुलुकको अवस्था अझै सङ्लिएन : बिजुक्छेँ

**भक्तपुर ।** नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का अध्यक्ष नारायणमान बिजुक्छेँले अझै पनि देशको राजनीतिक अवस्था सङ्लो अवस्थामा नरहेको चर्चा गरेका छन् । नेमकिपाको ५२औं स्थापना दिवसका अवसरमा भक्तपुरमा आयोजित विचारगोष्ठी एवं पुस्तक सार्वजनिकीकरण कार्यक्रममा बोल्दै उनले देशको राजनीतिक अवस्था सङ्लो नहुँदा देश समस्यामा पर्ने बताएका हुन् ।

'यतिखेर हरेक राजनीतिक पार्टीहरू भताभुङ्ग अवस्थामा छन् । पार्टीहरू फुटिरहेका छन्' भन्दै अध्यक्ष बिजुक्छेँले देश र जनताको हितमा राखेर राजनीतिक दलहरू अगाडि बढ्नुपर्नेमा जोड दिए । नेमकिपाले देश र जनताको हितको बाटोलाई कहिल्यै नछाडेको र नयाँ ढंगले राजनीतिलाई अगाडि बढाइरहेको ठोकुवा गरे ।

## लोग्नेको कुटपिटबाट श्रीमतीको मृत्यु

**काठमाडौं ।** कैलालीको धनगढी उपमहानगरपालिका-१३ का सतिङ दाहालको कुटपिटबाट उनकी श्रीमती ३० वर्षीया हीराको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका प्रवक्ता राजकुमार सिंहका अनुसार धनगढी उपमहानगरपालिका-८ घर भई हाल वडा १३ को राजपुरमा डेरा गरी बस्ने सतिङले घरायसी विवादमा कुटपिट गर्दा श्रीमतीको मृत्यु भएको हो ।

लोग्नेको कुटपिटबाट गम्भीर घाइते भएकी हीराको सेती प्रादेशिक अस्पतालमा उपचारको क्रममा आइतबार राति निधन भएको पनि प्रहरीले जनाएको छ । घरायसी विवाद हुँदा आफूमाथि डेरामै निर्घात कुटपिट भएपछि नजिकै रहेको माइती घर पुगेर हीराले गुहार मागेपछि उनलाई अस्पताल पुऱ्याइए पनि उपचारकै क्रममा निधन भएपछि सतिङलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।

## काठमाडौंमा ९ महिला निर्वाचन अधिकृत

**काठमाडौं ।** फागुन २१ गते गर्ने तयारी भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचन हुने वा नहुने लामो आशंबीचबाट सुरु भएको निर्वाचनको तयारी अहिले करिव-करिव सुनिश्चिततातर्फ अघि बढेसँगै निर्वाचन अधिकृतहरू समेत तोकिएका छन् ।

सबैभन्दा बढी १० वटा निर्वाचन क्षेत्र रहेको जिल्ला काठमाडौंका ९ स्थानको निर्वाचन सम्पन्न गराउने जिम्मेवारी महिला अधिकृतलाई दिएको हो । निर्वाचनअन्तर्गत काठमाडौं क्षेत्र नं ३ को निर्वाचन सम्पन्न गराउने जिम्मेवारी निर्वाचन अधिकृत चमिला भट्टराईलाई दिइएको छ । महालेखा नियन्त्रक कार्यालयका निर्देशक भट्टराई महिलाले अवसर पाउने हो भने जिम्मेवारीपूर्वक कर्तव्य पालना गर्ने सुनाइन् ।

क्षेत्र नम्बर २ मा निर्वाचन अधिकृतको जिम्मेवारीमा महान्यायधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता शान्ति न्यौपानेले पाएकी छन् भने उच्च सरकार वकिल कार्यालय पाटनका उपन्यायाधिवक्ता कृष्णा भण्डारीले काठमाडौं क्षेत्र नं ४ मा तथा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका उपसचिव श्रद्धा रिजाल काठमाडौं-५ मा मुख्य निर्वाचन अधिकृत जिम्मेवारी पाएका छन् । उच्च सरकारी वकिल कार्यालय, पाटनका उपन्यायाधिवक्ता चपला पोखरेलले काठमाडौं-६ मा, आन्तरिक राजस्व विभागका उपन्यायधिवक्ता सविता शर्मा, क्षेत्र नम्बर ७ मा, रक्षा मन्त्रालयका उपसचिव सम्झना खनाल, क्षेत्र नम्बर ८ मा, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका उपसचिव मेनुका घिमिरेमा क्षेत्र नम्बर ९ र सर्वोच्च अदालतका उपरजिस्ट्रार अमृताकुमारी शर्माले क्षेत्र नम्बर १० मा मुख्य निर्वाचन अधिकृतका जिम्मेवारी सम्हाल्ने भएका छन् ।



## उपलब्धिको रक्षार्थ...

कमिटीका सदस्य महोदत्त अधिकारी पनि नेकपामा प्रवेश गरे ।

**'पहिलो शक्ति बन्न लागिपरौं'**

आसन्न प्रतिनिधिसभाको निर्वाचनबाट नेकपालाई पहिलो शक्ति बनाउने गरी काममा लागिपर्न संयोजक प्रचण्डले समस्त नेता-कार्यकर्तालाई निर्देशन दिएका छन् । आइतबार सिंहदरबारमा आयोजित राष्ट्रियसभा संसदीय दलको बैठकमा बोल्दै प्रचण्डले त्यस्तो आग्रह गरेका हुन् ।

यसअघि नेकपामा समाहित भएका २० वटा दलका सबै पक्षलाई समेट्ने गरी आगामी प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवार चयन गरिएको स्पष्ट पार्दै अब पार्टीको पक्षमा माहोल बनाउन लाग्नुपर्नेमा उनले जोड दिए । प्रत्यक्ष र समानुपातिक उम्मेदवार चयन गर्दा जनमत, कार्यक्षमता र छविलाई आधार बनाइएकाले निर्वाचनमा राम्रो नतिजा आउनेमा आफू विश्वस्त रहेको उनले बताए । 'जेन-जी' प्रदर्शन र त्यसपछिका घटनाक्रममा नेकपाले लिएको पहलका कारण पार्टीको छवि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा सकारात्मक बनेको दावी गर्दै ढुक्क भएर फागुन २१ को निर्वाचन जित्ने तयारीमा लाग्न उनले सबैमा आग्रह गरे ।

बैठकले राष्ट्रियसभा संसदीय दलको नेतामा बेदुराम भुसाल एवं प्रमुख सचेतकमा मदनकुमारी शाह 'गरिमा' र सचेतकमा गंगा बेलवासेलाई नियुक्त गरेको छ । दलका नेता नारायणकाजी श्रेष्ठले राजीनामा दिएर प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बनेपछि नेकपाले नयाँ नेतृत्व चयन गरेको हो ।

## सहिद सप्ताह...

गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई मृत्युदण्ड दिने निर्णय गरेका थिए । उक्त निर्णय भएकै ४ दिनमा शुक्रराज शास्त्रीलाई टेकु मचलीमा, ७ दिनपछि धर्मभक्त माथेमालाई सिफल उकालोमा भुन्ड्याएर र ९ दिनपछि दशरथ चन्द र गंगालाल श्रेष्ठलाई विष्णुमती नदी किनार शोभाभगवतीमा गोली हानेर हत्या गरिएको थियो । निरंकुश राणा शासनविरुद्ध बलिदान दिने सहिदहरूको सम्झना गर्दै हरेक वर्ष सहिद सप्ताह मनाउने गरिएको छ ।

# मुलुकभर वर्षा र हिमपात : हिउँदे वर्षाले किसान उत्साहित

**काठमाडौं ।** लामो खडेरीपछिको हिउँदे वर्षा भएसँगै किसानहरू उत्साहित तुलाएको छ । मुलुकका अधिकांश क्षेत्र मंगलबार रातिदेखि छिटपुट तथा मध्यम वर्षा भएपछि लगाएको बालीनाली सप्रने र नयाँ बालीका लागि मलिलो हुने भएकाले किसानहरू हर्षित भएका हुन् । मौसम पूर्वानुमान महाशाखाका मौसमविद ढकालले न्यूनचापीय प्रणालीका कारण पश्चिमबाट प्रवेश गरेको मनसुनका कारण सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशको अधिकांश स्थानमा वर्षा भएको जानकारी दिए । मनसुनी प्रणाली सक्रिय भएपछि हिमाली क्षेत्रमा सामान्यदेखि भारी हिमपात भएको छ ।

अहिले पश्चिमी न्यूनचापीय प्रणालीको आंशिक प्रभाव रहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले उल्लेख गरेको छ । न्यूनचापीय कोशी, बागमती, गण्डकी, कर्णाली प्रदेशका पहाडी भू-भागमा पूर्णतया बादल लाग्नुका साथै बाँकी भागमा आंशिक बादल लागेको हो ।

महाशाखाका अनुसार बिहिबार दिउँसो बागमती प्रदेशका केही स्थानमा र गण्डकी प्रदेशको एकदुई स्थानमा हल्का वर्षासहित कोशी, बागमती र गण्डकी प्रदेशका उच्च पहाडी तथ हिमाली क्षेत्रमा हिमपात भइरहेको छ । महाशाखाले तराईका धेरै स्थानमा हुस्सु लाग्ने र बाँकी क्षेत्रमा मौसम सफा रहने उल्लेख गरेको छ । बिहीबार राति तराईका केही स्थानमा हुस्सु लाग्ने र लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका साथै कोशी, बागमती र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भागमा आंशिक बादल लाग्ने र बाँकी क्षेत्रमा मुख्यतया मौसम सफा रहने महाशाखाले जनाएको छ ।

मुस्ताङमा जिल्लामा बिहीबार भएको भारी हिमपातका कारण कागबेनी-मुक्तिनाथ सडक अवरुद्ध भएको छ । भारी हिमपातपछि अवरुद्ध बनेको सडक जिल्ला प्रशासन कार्यालय र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको समन्वयमा कालीगण्डकी करिडोर ( बेनी-जोमसोम-कोरला) सडक आयोजनाको डोजर परिचालन गरी गरिएको छ ।

वारागुङ मुक्तिक्षेत्र-४ का वडाध्यक्ष कर्माघ्याचो गुरुङको उपस्थितिमा अवरुद्ध कागबेनी-मुक्तिनाथ सडकको हिउँ सफा गर्ने काम सुरु गरिएको छ । यसका लागि आयोजनाको डोजर कागबेनी-मुक्तिनाथ सडकको बाक्लो हिउँ पन्छाउन त्यसतर्फ पुगिसकेको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिए ।

गण्डकी प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालयको क्षेत्रअधिकार भित्र रहे कागबेनी-मुक्तिनाथ सडकखण्ड मुक्तिनाथ दर्शन गर्न जाने दर्शनार्थीको समस्यालाई मध्यनजर गरी कोरला सडक आयोजनाले हिउँ पन्छाउन डोजर पठाइसकेको आयोजना प्रमुख शर्माले बताए ।

मंगलबारको भारी हिमपातले अवरुद्ध कागबेनी-मुक्तिनाथ सडकको हिउँ पन्छाउन डोजर परिचालन गरिएको वडाध्यक्ष गुरुङले जानकारी दिए । स्थानीय प्रशासन र गाउँपालिकाको समन्वयमा सडकको डोजरले कागबेनीको पहिलो मोडदेखि सडकको हिउँ पन्छाउन सुरु गरिसकेको वडाध्यक्ष गुरुङले बताए ।

कागबेनीदेखि मुक्तिनाथ रानीपौवा बसपार्कसम्म सडकमा बाक्लो हिउँ जमेकाले बिहीबार साँझसम्ममा सडकको हिउँ पन्छाएर यातायात सहज पारिने वडाध्यक्ष गुरुङले बताए ।

यसअघि भारी हिमपातले अवरुद्ध कागबेनी-मुक्तिनाथ सडकको हिउँ सफा गर्न यहाँस्थित सशस्त्र प्रहरी बल नेपालको टोली बुधबार बिहान खटिएको भए पनि हिमपात नरोकिएका कारण हिउँ पन्छाउन कार्यलाई स्थगित गरेको थियो ।

बिहीबार जिल्लास्थित सुरक्षाकर्मीहरूको जनशक्तिले अवरुद्ध सडकको हिउँ पन्छाउन निकै समय लाग्ने भएकाले सडक विभागको डोजर परिचालन गरिएको वारागुङ मुक्तिक्षेत्र-१ का वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिए । भारी हिमपातका कारण जिल्लास्थित कागबेनी–मुक्तिनाथ कालोपत्र सडक बाँक्लो हिउँ जमेका कारण जोमसोमबाट मुक्तिनाथ प्रस्थान गरेका सवारीसाधन बुधबार बिहानबाट माथि उक्लिन सकेका छैनन् । बुधबार बिहान सशस्त्र प्रहरीको टोलीले हिउँ पन्छ्याएर अवरुद्ध सडक खुलाउन पहल गरे पनि थप हिउँ पर्न सक्ने अनुमान कारण हिउँ पन्छ्याउन प्रयास रोकेको थियो ।

मुक्तिनाथ जाने कागबेनी–मुक्तिनाथ सडक अन्तर्गत कागबेनीको पहिलो मोडदेखि कागबेनी सेल्फी पार्क, कालोभीर, खिङ्गा, झारकोटलगायतका स्थानमा बाँक्लो हिउँ जमेकाले सडक अवरुद्ध बनेको वारागुङ मुक्तिक्षेत्र-१ वडाध्यक्ष प्रमेश गुरुङले जानकारी दिए ।

हिमपातपछि मुक्तिनाथ मन्दिरमा दर्शनार्थी पर्यटकको आगमनमा समस्या र चुनौती थपिएको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिए । हिमपातका कारण वारागुङ मुक्तिक्षेत्रमा पर्ने झारकोट, खिङ्गा, रानीपौवा बजार, पुराङ, छेङ्गुरलगायतका गाउँ पूरै हिउँले सेताम्मे भएका छन् ।

मन्दिर परिसर, १०८ धारा, मन्दिर अगाडिको स्नानकुण्डमा पूरै हिउँ जमेका कारण यहाँ जसोतसो दर्शन गर्न आएका भक्तजनलाई पनि स्नान गर्न र मन्दिरको दर्शन गर्न कार्यमा बाधा अवरोध पुऱ्याएको जनाइएको छ । हिमपातपछि चिसो अत्यधिक बढेकाले दर्शनार्थीलाई समेत लेक लाग्न सक्ने जोखिम बढेको छ ।

भारी हिमपातका कारण मुक्तिनाथ सडक अवरुद्ध हुँदा सयौं दर्शनार्थी भक्तजन बुधबार बिहानदेखि कागबेनीमा अलपत्र परेका थिए । हिउँ पन्छाएर सडक खुल्ने आशामा बसेका मुक्तिनाथ जाने दर्शनार्थी बुधबारदेखि कागबेनीमै रोकिएका छन् । कतिपय दर्शनार्थी घोडा चढेर मुक्तिनाथ पुगेका छन् । हिमपातका कारण कागबेनी-मुक्तिनाथ सडक अवरुद्ध मुक्तिनाथ मन्दिरमा दर्शनार्थी उपस्थित हुन नसकेपछि मुक्तिनाथ मन्दिरको दैनिक क्रियाकलाप नियमित पूजापाठमै सीमित हुँदा सुनसान बनेको छ ।

यसैगरी हिमपातका कारण रुकुम पूर्वस्थित मध्यपहाडी लोकमार्ग अवरुद्ध बनेको छ । बुधबार दिनभर हिमपात भएपछि सडकको हिउँ पन्छ्याउन नसकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । बुधबार सडकमा फसेका करिब तीन सय यात्रुलाई उद्धार गरिएको थियो । बिहीबार बिहानैदेखि सडकमा जमेको हिउँ पन्छाउन थालिएको जिल्ला प्रहरीका प्रहरी नायब उपरीक्षक उमाशंकर प्रसाद यादवले बताए । रुकुम पूर्वतर्फको तीन किलोमिटर सडकमा परेको हिउँ पन्छ्याइरहेको उनले बताए ।

बागलुङले पनि आफ्नो क्षेत्रमा परेको हिउँ पन्छाएर सकिएमा मात्र सडक सञ्चालन हुने प्रनाउ यादवले बताए । काठमाडौंबाट रुकुम पूर्वसहित रुकुम पश्चिम र डोल्पाका लागि छुटेका बस हिमपातका कारण पातिहालनामा फस्दा यात्रुलाई बुधबार उद्धार गरेर रुकुम पूर्व ल्याइएको थियो भने कतिपयलाई बागलुङको बुर्तिबाङ लगिएको थियो ।

उता हिमाली जिल्ला हुम्लामा भारी हिमपात हुँदा सरदमुकाम सिमिकोटदेखि उत्तरी भेग नाम्खा गाउँ सहित अन्यत्र जाने बाटो अवरुद्ध भएको छ । दुई दिनसम्म भएको हिमपातले नेपालगञ्ज र सुर्खेतबाट सिमकोटको हवाई उडान समेत बन्द भएको छ ।

हिमपातका कारण बागलुङ जिल्लास्थित मध्यपहाडी लोकमार्ग अवरुद्ध बनेपछि अलपत्र परेका यात्रुको उद्धार गरिएको छ । मंगलबार राति ४ बजेदेखि परेको हिमपातका कारण बागलुङ र पूर्वी रुकुमको सिमाना पालीहाल्नेमा अलपत्र परेका ५० जना यात्रुको उद्धार गरिएको हो ।

रुकुम पूर्वकी प्रमुख जिल्ला अधिकारी सीता परियारका अनुसार काठमाडौंदेखि रुकुम, जाजरकोट, डोल्पालगायत पश्चिम नेपाल जाने यात्रुलाई सुरक्षाकर्मीको गाडीबाट उद्धार गरिएको छ । यात्रुलाई रुकुमकोटसम्म पुऱ्याएर गन्तव्यमा पठाइने प्रजिअ परियारले बताए । नेपाल प्रहरी, सशस्त्र प्रहरी र जेसिबीको सहयताले केही ठाउँको हिउँ हटाएर यात्रुको उद्धार गरिएको उनले जानकारी दिए ।

हिउँ नपग्लिदासम्म रुकुम हुँदै काठमाडौं, पोखरा जाने सवारी साधानले फरक रुटको प्रयोग गर्नुपर्नेछ । बागलुङ खण्डमा पनि दुई फिटभन्दा बढी हिउँ परेको हुँदा यात्रा गर्न नसकिने अवस्था रहेको सहायक प्रमुख जिल्ला अधिकारी नवराज बरालले जानकारी दिए ।

अर्को जिल्ला म्याग्दीस्थित धौलागिरि गाउँपालिका-१ गुर्जा र अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीमा हिमपात हुँदा जनजीवन प्रभावित बनेको छ । समुद्री सतहदेखि दुई हजार सात सय मिटर उचाइमा रहेको गुर्जा जोड्ने पदमार्ग र सडकमा दुई इन्च बाक्लो हिउँ जमेको छ ।

पर्यटकीयस्थल घोडेपानी, पुनहिल, खोप्रा र मोहरेडाँडा पनि हिउँले छोपिएका होटल व्यवसायी मिना पुनले चहलपहल घटेको बताइन् । हिमपातले घोडेपानी र पुनहिल घुम्न आउने पर्यटक घटेपछि सुनसान भएको छ ।

म्याग्दीमा हिमपातसहित जिल्लाभर वर्षा समेत भएपछि हिउँदेबालीलाई फाइदा हुने भन्दै स्थानीय खुशी भएका छन् । सुक्खा भएको जमिन भिजेर बिरुवाले आवश्यक तत्व पाउन हुँदा गहुँ, जौ, केराउ र सुन्तलाजस्ता फलफुल खेतीबाली सप्रिने भन्दै किसानले खुशी भएका छन् ।

# निर्वाचनलाई शान्तिपूर्ण बनाउन महानिरीक्षक अर्यालको निर्देशन

**काठमाडौं ।** सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्यालले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन आवश्यक सुरक्षा सतर्कता अपनाउन वरिष्ठ अधिकृतहरूलाई निर्देशन दिएका छन् ।

सशस्त्र प्रहरी मुख्यालय हलचोकमा बिहीबार आयोजित 'निर्वाचन लक्षित वरिष्ठ अधिकृत सम्मेलन'मा महानिरीक्षक अर्यालले निर्वाचन प्रहरीलाई मर्यादित र सभ्य व्यवहार गर्दै परिचालित हुन निर्देशन दिएका हुन् । 'फिल्ड'मा खटिएका 'कमाण्डर' निर्वाचन लक्षित सुरक्षा कारबाही गर्न स्वतन्त्र रहेको बताउँदै उनले निर्वाचनमा सशस्त्र प्रहरी कर्मचारीले कुनैपनि राजनीतक दलको पक्ष नलिई उम्मेदवारसँग सम्पर्कमा नरहिहन आदेश दिए ।

सम्मेलनमा निर्वाचन सुरक्षा चुनौती, विद्यमान परिस्थतिलगायत विविध विषय र निर्वाचनका समयमा कुनै पनि मानवीय क्षति हुन नदिनेतर्फ अन्य सुरक्षा निकाय तथा अन्य सरोकारवाला निकायसँग निरन्तर समन्वय र सहकार्य गर्दै कसरी अघि बढ्ने भन्ने विषयमा छलफल भएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए । 'भर्चुल' माध्यमबाट सम्पन्न भएको उक्त सम्मेलनमा सशस्त्र प्रहरीका सम्पूर्ण बाहिनीपति सहभागी थिए ।

**सहिदप्रति सम्मान गरौं !**

- सहिद राष्ट्रिय गौरव हुन् ।
- सहिदको बलिदान र योगदानको स्मरण गरौं ।
- सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं ।
- सहिदको सपना पूरा गर्न इमानदार नागरिकको भूमिका निर्वाह गरौं ।
- देशप्रेम र एकताको भावना जागृत गराऔं ।
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं ।

सहिदको सपना साकार पारौं,
देश विकासमा सवै नेपाली जुटौं !

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशक: कोसेली मिडिया सपोर्ट प्रा.लि. सम्पादक : सानु राय (गौतम) [९८४९६०००२०९] बजार व्यवस्थापक : माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]

कार्यालय : जोरपाटी, काठमाडौं फोन : ९८४७३९५३८६ इमेल : janajibro.news@gmail.com वेबसाइट : www.janajibro.com मुद्रण : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं